# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १८० | काठमाडौं | शुक्रबार, १४ कात्तिक २०८२ | Prabhab National Daily | Friday, 31 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## मोन्था चक्रवातले सिर्जित वर्षाका कारण धानबालीमा क्षति



सुर्खेतको वीरेन्द्रनगर-१० स्थित एकतानगरमा पानी परेपछि भिजेका भित्र्याउनका लागि काटिएका धान।
*तस्बिरः रासस*

- वर्षाका कारण काट्न तयारी भएका धान झर्ने र काटेर भित्र्याउने तयारीमा राखेका धान डुबेर क्षति
- वर्षाका कारण बिहीबार बिहान काठमाडौंका लागि देशका विभिन्न भागबाट उडेका आठ वटा विमान डाइभर्ट

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बंगालको खाडीमा विकसित भएको मोन्था चक्रवातका कारण बिहीबार बिहानैबाट देशका विभिन्न भागमा वर्षा भएको छ। वर्षाका कारण भित्र्याउन ठिक्क भएको धानबालीमा असर पर्नुका साथै यातायात क्षेत्र प्रभावित बनेको छ।

मध्यपहाडी जिल्ला यतिबेला धमाधम धान भित्र्याउने याम हो। धान भित्र्याउने तयारी भइरहेको बेला गोरखा नगरपालिका-१० सिर्दीफाँट यतिबेला जलमय बनेको किसान तुलबहादुर थापाले बताए। 'तिहारलगत्तै धान काटेर भित्र्याउन ठिक्क पारेको बेला पानी पर्‍यो। गाउँका एक-दुई जना बाहेक सबैले धान काटेर खेतमा सुकाएका छन्,' उनले भने, 'अहिले काटेर सुकाएको धान खेतमा डुबेको छ। नकाटेकाहरूको पनि पानीले बाला झारेको छ।'

वर्षाका कारण महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भंगाहा नगरपालिका क्षेत्रका किसान अहिले पाकेको बाली थन्क्याउन नपाउँदा चिन्तामा परेका छन्।

क्रमशः पृष्ठ २ मा

### आज साँझबाट मौसममा सुधार आउने

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले आज (शुक्रबार) साँझबाट मौसममा सुधार आउने पूर्वानुमान गरेको छ। 'मोन्था चक्रवत प्रणालीको कारणले नेपालको मौसम शुक्रबार साँझसम्म प्रभावित हुने तत्पश्चात् मौसममा क्रमिकरूपमा सुधार हुने देखिन्छ,' महाशाखाले बिहीबार साँझ जारी गरेको मौसम बुलेटिनमा भनिएको छ।

आज दिउँसो देशका केही भागमा भारी वर्षा हुने र हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको विभागले जानकारी दिएको छ।

क्रमशः पृष्ठ २ मा

## एकताउन्मुख माओवादी–एकीकृत समाजवादीमा तीव्र आन्तरिक विवाद



यस (एकीकृत पार्टी) को वैचारिकी के हो ? यसको सैद्धान्तिक मूल के हो ? जसले हामीलाई बाटो देखाउँछ, भविष्यको बाटो देखाउँछ।

■ **घनश्याम भुसाल**
महासचिव, एकीकृत समाजवादी



हामी मिल्यौं भनेर दुई पार्टीका नेताले हात मिलाउँदैमा साँचो एकता हुँदैन, वैचारिक र सैद्धान्तिक पक्षमै मिल्नुपर्छ।

■ **लिलामणि पोखरेल**
नेता, माओवादी केन्द्र



- एकीकृत समाजवादीले एकताको निर्णय गरे यही १६ कात्तिकभित्रै माओवादीसँग एकता !
- 'माओवाद' हटाएर मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त बनाउने मोटामोटी सहमति तर भएन गम्भीर बहस
- वैचारिक र सैद्धान्तिक पक्ष नटुंग्याइ एकतामा जाँदा एमाले–माओवादी एकतापछि बनेको तत्कालीन नेकपाकै अविगत दोहोरिने नेताहरु भनाइ
- माओवादीसँग भन्दा एमालेसँग एकता गर्दा राम्रो हुने एकीकृत समाजवादीका नेताहरूको जोड

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी एकताउन्मुख छन्। एकताबारे निर्णय गर्न एकीकृत समाजवादीको तेस्रो केन्द्रीय समिति बैठक जारी छ। बैठकले निर्णय गरे यही १६ कात्तिकभित्रै दुई दलबीच एकता हुने भनिएको छ। माओवादीले त एकता गर्ने निर्णय गरिसकेको छ।

दुई पार्टी वैचारिक र सैद्धान्तिक पक्षमा बहस नै गरी एकतामा जान लागेका हुन्। यसले एकीकरणपछि बन्ने पार्टीमा समस्या निम्त्याउन सक्ने जानकारहरूले औंल्याएका छन्। विगतमा नेकपा एमाले र माओवादी केन्द्रबीच एकता हुँदा पनि वैचारिक र सैद्धान्तिक पक्षमा बहस भएको थिएन। मोटामोटी नेतृत्वको व्यवस्थापन र पार्टी नाम टुंगो लगाएर एकता गरिएको थियो, जुन टिकाउ भएन। एकताको तीन वर्ष नबित्दै दुवै दल पूर्ववत् अस्तित्वमा देखिए।

हाल माओवादी र समाजवादीबीच एकता हुने चर्चा चलिरहँदा एकीकृत पार्टीको वैचारिक धारा र सैद्धान्तिक पाटो अस्पष्ट छ। यसबारे पार्टी एकताको मामिलामा अग्रसर अध्यक्ष माधवकुमार नेपाललाई महासचिव घनश्याम भुसालले गम्भीर प्रश्न गरेका छन्। उनले बिहीबार बैठकमा भने, 'यस (एकीकृत हुने पार्टी) को वैचारिकी के हो ? यसको सैद्धान्तिक मूल के हो ? जसले हामीलाई बाटो देखाउँछ, भविष्यको बाटो देखाउँछ।'

एकता बहसको क्रममा माओवादी केन्द्रले 'माओवाद' त्याग्ने विषय सार्वजनिक भएको छ। एमालेसँग एकता हुँदा पनि त्यागेको थियो। तर, माओवादीका एकथरी नेता कार्यकर्ताले प्रतिवाद गरिरहेका छन्। उनीहरूको विचारमा माओवादी विचारधारालाई समेत मार्गनिर्देशक सिद्धान्त मानेर १० वर्ष सशस्त्र युद्ध लडेको र त्यही युद्धले देशको राजनीतिक व्यवस्था परिवर्तन गरेको हुनाले माओवादलाई हटाउन हुँदैन।

क्रमशः पृष्ठ २ मा

### माओवादीसँगको एकताविरूद्ध नेताहरु



नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालसहितका नेताहरू माओवादीसँग एकताको विरुद्धमा उभिएका छन्। नेता खनालले माओवादीसँग एकता गर्दा कुनै चमत्कार नहुने भन्दै अध्यक्ष माधवकुमार नेपाललाई कडा प्रश्न गरेका छन्। जारी केन्द्रीय समिति बैठकमा उनले सोधे, 'पार्टी फुटाएर माओवादीमा मिसिन तपाईंलाई सुहाउँछ ?'

उनले अध्यक्ष नेपालको राजीनामासमेत मागेका छन्। राजीनामा दिएर माओवादीमा जान उनले नेपाललाई शुभकामना दिए। उनी एमालेसँग पार्टी एकताको पक्षमा छन्। उनले एकीकृत समाजवादी गठन गरेर एमाले विभाजनको पुष्टि नभएको भन्दै सोही पार्टीसँग एकता गर्दै बलियो कम्युनिस्ट शक्ति बनाउनुपर्नेमा जोड दिँदै आएका छन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## सिण्डिकेट लागू गरिए मलेसिया रोजगारी बन्द हुने संघको चेतावनी

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीमा सिण्डिकेट लागू गरिए त्यहाँ कामदार पठाउन सधैंका लागि बन्द गर्ने चेतावनी दिएको छ। मलेसिया सरकारले हालै कामदार भर्तीका लागि छनोट हुने म्यानपावरका लागि विभिन्न मापदण्ड तोकेको विषयमा संघले विरोध जनाउँदै यस्तो चेतावनी दिएको हो।

बिहीबार पत्रकार सम्मेलन गर्दै संघले मलेसियामा सीमित व्यवसायीलाई मात्र काम गर्न दिने प्रावधानका विरुद्धमा कडा प्रतिरोध गर्ने जानकारी दिएको छ। मलेसियाबाट आएका या नेपालभित्रै विभिन्न रूपमा सक्रिय रहेका सिण्डिकेटधारीको पक्षमा कुनै निर्णय भए त्यस्ता निकाय वा संस्थामाथि पनि आवश्यक कारबाही गर्नबाट संघ पछि नहट्ने जनाइएको छ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले एकाधिकार ल्याउन खोज्ने कसैलाई नछोड्ने चेतावनी दिए। 'सिण्डिकेटमा संलग्नहरूको विषयमा सत्यतथ्य भेट्टाए यसमा संलग्न जुनसुकै व्यवसायी, जुनसुकै घराना, जतिसुकै शक्तिशाली होस्, त्यसको उठीवास लगाउन सकेन भने संघ, संघ होइन,' पत्रकार सम्मेलनमा गुरुङले भने। विभिन्न देशका राजदूतहरू फर्किरहेको अवस्थामा यस्तो कदम न्यायसंगत नभएको उनको भनाइ थियो। श्रमिक र व्यवसायीको अधिकार सुनिश्चित् गर्न उनले सरकारसँग माग गरे।

क्रमशः पृष्ठ २ मा

### श्रम मन्त्रालयको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसियामा नेपाली श्रमिक पठाउने निश्चित म्यानपावर व्यवसायीलाई फाइदा पुग्नेगरी सिण्डिकेट ल्याउन खोजिएको खबरप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै परराष्ट्र मन्त्रालयबाट बिहीबार नै मलेसियाको श्रमिक व्यवस्थापनसम्बन्धी पत्र प्राप्त भएको जानकारी गराएको हो।

सिण्डिकेटको हल्लाको विषयमा नेपालको कानुनको परिधिभित्र रहेर सरोकारवालासँग छलफल गरेर आवश्यक निर्णय गरिने मन्त्रालयका सहसचिव तथा प्रवक्ता पिताम्बर घिमिरेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

## रेशमको नयाँ दलमा 'जेन-जी' कवीर अध्यक्ष



बिहीबार नागरिक उन्मुक्ति पार्टी, नेपाल दर्ताका लागि निर्वाचन आयोगमा पुगेका रेशम चौधरीसहितको टोली।
*तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

- नागरिक उन्मुक्ति पार्टी त्यागेर रेशम चौधरीले बनाए नागरिक उन्मुक्ति पार्टी, नेपाल
- रेशम संरक्षक रहेको नाउपा नेपालमा २५ वर्षे कवीर सोब पार्टी अध्यक्ष
- श्रीमती रञ्जितासँगको सम्बन्ध बिग्रिएपछि रेशमले त्यागेका थिए नागरिक उन्मुक्ति

**काठमाडौं–** थरुहट आन्दोलनका अगुवा तथा पूर्वसांसद रेशमलाल चौधरीले नयाँ दल दर्ता गरेका छन्। नयाँ दलको नाम नागरिक उन्मुक्ति पार्टी, नेपाल प्रस्ताव गरिएको छ। दलको अध्यक्ष २५ वर्षे कवीर सोब छन्।

श्रीमती रञ्जिता श्रेष्ठ चौधरीसँग राजनीतिक तथा पारिवारिक सम्बन्धमा निम्तिएको दरार र बुबा लालवीर चौधरीलाई निर्वाचन आयोगले अध्यक्ष अस्वीकार गरेपछि रेशमले बिहीबार नयाँ दल दर्ता गराएका छन्। उनले हालै भएको जेन-जी आन्दोलनपछि परिवर्तित राजनीतिक सन्दर्भलाई सम्बोधन गर्नेगरी सोबलाई अध्यक्ष बनाएका हुन्। रेशम उक्त दलका संरक्षक छन्।

थरुहट आन्दोलनकै बीच ७ भदौ २०७२ मा भएको टीकापुर घटनाको जगमा रेशमले २०७९ को आमचुनावअघि नागरिक उन्मुक्ति पार्टी श्रीमती रञ्जिताको नेतृत्वमा गठन गरेका थिए। उक्त दलले स्थानीय, प्रदेश र प्रतिनिधिसभा चुनावमा अनपेक्षित जनमत प्राप्त गर्दै राष्ट्रिय दल बनेको थियो।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## वैचारिक...

एकीकृत समाजवादीमा अध्यक्ष नेपालले नै घरिघरी वकालत गर्ने 'जनताको बहुदलीय जनवाद' एकीकृत हुने पार्टीको मार्गनिर्देशक सिद्धान्त नहुनेबारे पनि समझदारी जुटेको बताइन्छ । मात्रै मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त बनाउनेबारे जारी केन्द्रीय समिति बैठकमा छलफल भएको एकीकृत समाजवादीका वरिष्ठ नेता प्रमेश हमाल बताउँछन् । उनका अनुसार सैद्धान्तिक कार्यदिशा समाजवादी क्रान्ति हुने भन्नेमा नेतृत्व तहमा सहमति भएको छ ।

नेपाली समाजको बद्लिँदो चरित्र, प्रधान अन्तरवस्तु, जेन-जी विद्रोहपछिको राजनीतिक परिवर्तन, वैश्विक व्यवस्थामा देखिएको प्रवृत्ति आदिबारे गहिरो बहस गरेर नेपाली माटो सुहाउँदो वैचारिकी र सैद्धान्तिकीलाई अन्तिम रूप दिनुपर्ने मत प्रकट भइरहेको छ । विगतमा नेकपा स्थापनाको बेला यी पक्षमा गम्भीर ध्यान नपुगेको माओवादी केन्द्रका नेता लिलामणि पोखरेल बताउँछन् । परिणाम, एकता प्राकृतिक र भावनात्मक नभएर कृत्रिम हुँदा पार्टी विघटनसम्मको दुर्घटना झेल्नुपरेको स्मरण गर्छन् ।

'हामी मिल्यौं भनेर दुई पार्टीका नेताले हात मिलाउँदैमा साँचो एकता हुँदैन, वैचारिक र सैद्धान्तिक पक्षमै मिल्नुपर्छ, हाम्रो तीतो विगत पनि छ, त्यो सिकाइले पनि भन्छ कि हामी विचार र सिद्धान्तले नै एकताबद्ध हुनुपर्छ,' उनले प्रभावसँग भने । एकताउन्मुख दुई पार्टीको एकातिर वैचारिक र सैद्धान्तिक धरातल तय नहुँदा अर्कातिर पार्टी नामसमेत टुंगिन बाँकी छ । नेपाली कम्युनिस्ट पार्टी, नेकपा समाजवादी पार्टी, नेकपा समाजवादी केन्द्र र कम्युनिस्ट पार्टी अफ नेपाल प्रस्तावित नाम हुन् । चुनाव चिह्न पनि टुंगो लागेको छैन । माओवादीको गोलाकारभित्रको हँसिया हथौडा कि कलम वा अन्य कुनै चिह्न राख्नेमा सहमति भएको छैन ।

एकीकृत पार्टीको संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपाल हुने मोटामोटी सहमति भएको विवरणहरू आइरहेका छन् । तत्कालीन नेकपामा दुई जना अध्यक्षमा दाहाल एक थिए । नेपाल वरिष्ठ नेता थिए । नेकपा विघटन हुनुअघि दुवै एकै गुटमा थिए । अर्का अध्यक्ष केपी शर्मा ओलीविरुद्ध मिलेर प्रहार गर्थे । ओलीसँग पद र अवसरको सौदावाजी गर्थे । अन्ततः नेकपा मतभेद चुलिँदै जाँदा 'बाइप्रडक्ट'को रूपमा प्रतिनिधिसभा विघटनदेखि नेकपा विघटनसम्मको घटना भए ।

त्यसपछि माओवादी पूर्ववत् दलीय अस्तित्वमा कायम हुँदा एमालेमा ओलीसँग विद्रोह गरेर नेपालले एकीकृत समाजवादी गठन गरे । उता माओवादी २०७९ को आमचुनावबाट अघिल्ला चुनावहरूबाट भन्दा झनै कमजोर शक्ति बन्दा नेपालको दल राष्ट्रिय दल बनेन । यसपछि निराश बनेका कतिपय नेता कार्यकर्ताहरू एमालेमा फर्किए । यस्तोमा नेपाल र दाहाल पार्टी एकता गर्ने दिशामा अघि बढेका हुन् ।

■■■

## माओवादीसँगको...

पार्टी महासचिव घनश्याम भुसालले पनि माओवादीसँग जे-जे मिल्छ भन्दै अध्यक्ष नेपालले एकता गर्नुपर्ने आधार प्रस्तुत गर्दै छन्, एमालेसँग पनि ती विषयहरू मिल्ने बताएका छन् । उनले माओवादीसँग एकता गर्दा केहीले चुनावमा टिकट पाउने भए पनि धेरैको सत्यानाश हुने दाबी गरे । उनी पनि माओवादीसँगको एकताविरुद्धमा उभिएका छन् । उनले भनेका छन्, 'माओवादीसँग एकता त्यस्तो बेला हुन्छ, जतिबेला पुष्पकमल दाहाल र माधवकुमार नेपालले नेतृत्व त्याग्छन् । नभए एकता हुँदैन ।'

एकीकृत समाजवादीका एक पदाधिकारीका अनुसार भुसाल अलग दल खोल्नेतर्फ सोचिरहेका छन् । दाहाल र नेपाल नेतृत्वपंक्तिबाट नबाहिरिए माओवादी नेता नारायणकाजी श्रेष्ठ, जनार्दन शर्मा, नेकपा महासचिव नेत्रविक्रम चन्दलगायतसँग मिलेर नयाँ दल खोल्नेबारे उनी गुप्त छलफलमा छन् ।

पार्टीकै चर्चित नेतृ रामकुमारी झाँक्रीले पनि माओवादीसँग भन्दा एमालेसँग एकता प्राकृतिक हुने बताउँदै आएकी छन् । वरिष्ठ नेता घनेन्द्र बस्नेत, उपाध्यक्ष भानुभक्त जोशी, जयन्ती राई, उपमहासचिव गरिमा शाह, बलदेव चौधरी, चन्द्रबहादुर शाहीलगायत नौ पदाधिकारी माओवादीसँग एकता गर्न नहुने पक्षमा छन् । उनीहरूले माओवादीसँगको एकतालाई 'दक्षिणपन्थी भड्काउ'को संज्ञा दिएका छन् । तर, पार्टीको बहुमत पदाधिकारी, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटीका दुईतिहाइ सदस्य भने माओवादीसँग एकताको पक्षमा देखिन्छन् ।

■■■

## मोन्था चक्रवातल...

'धान खेतमा पाकेर पहेँलपुर छ, चाडबाड सकेर काटौंला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो,' भंगाहा-५ कर्पुरगञ्जका ६० वर्षीय किसान रामजुलुम बाँतरले भने, 'पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुने भयो ।' हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउनुपर्नेमा यो पानीले काम बिगारेको बाँतरले बताए ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले देशभर के कति क्षति भयो भन्ने तथ्यांक आइनसकेको जानकारी दिएको छ । भारी वर्षाको सम्भावनालाई मध्यनजर गरी बिपी राजमार्गमा राति यातायात आवागमन निषेध गरिएको छ । जिल्ला प्रशासन कार्यालय सिन्धुली र काभ्रेले बिहीबार र शुक्रबार राति ५ बजेदेखि बिहान ५ बजेसम्मका लागि सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारीसाधन आवागमनमा रोक लगाएका हुन् ।

जल तथा मौसम विभागका हाइड्रोलोजी इञ्जिनियर सौहार्द जोशीका अनुसार पछिल्लो वर्षाको कारण चारवटा प्रदेशमा बाढीको जोखिमसमेत छ । 'कात्तिक १३ गतेदेखि १५ गतेसम्म कोशी, बागमती र मधेस प्रदेशमा मध्यमदेखि भारी वर्षा हुने पूर्वानुमान छ । बागमती प्रदेशका चितवन, सिन्धुली, रामेछाप, काभ्रे, मकवानपुर, भक्तपुर, ललितपुरलगायत लुम्बिनीका केही जिल्लामासमेत बाढीको जोखिम रहेको छ,' जोशीले भने ।

### हवाई उडान प्रभावित

प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडानसमेत प्रभावित भएको छ । मौसममा आएको खराबीका साथै 'इनरुट वेदर' बिग्रिएकाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक तथा अन्तर्राष्ट्रिय दुवै उडान प्रभावित भएका हुन् ।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार प्रतिकूल मौसमका कारण बिहीबार आन्तरिकतर्फ केही उडान 'डाइभर्ट' हुनका साथै भरतपुर र तुम्लिङटार विमानस्थलको उडान बन्द गरिएको छ । पोखरा विमानस्थल आगमन बन्द छ भने 'डिपार्चर' मात्रै खुलेको छ । काठमाडौंका लागि विराटनगरबाट उडेको श्री एयरलाइन्सको विमान साढे एक घण्टा आकाशमै होल्ड भएर उतै डाइभर्ट भएको थियो ।

भैरहवाबाट काठमाडौं उडेको सोही एयरलाइन्सको विमानलाई भैरहवा नै फर्काइएको थियो । प्रवक्ता शेर्पाका अनुसार अन्तर्राष्ट्रियतर्फ नेपाल एयरलाइन्सको विमान भारतको नयाँदिल्ली डाइभर्ट भएको छ । इण्डिगो एयरको विमान पनि नयाँदिल्ली डाइभर्ट गरिएको जानकारी दिँदै शेर्पाले एयर इण्डियाको विमान लखनाऊ डाइभर्ट भएको उल्लेख गरे । बिहीबार आठवटा उडान डाइभर्ट भएको उनले बताए ।

### सतर्कता अपनाउन आग्रह

जिल्ला प्रशासन कार्यालय कास्कीले बाढीजन्य प्रकोपमा सतर्कता अपनाउन आग्रह गरेको छ । कार्यालयले बिहीबार सूचना जारी गर्दै जल तथा मौसम विज्ञान विभागबाट बिहीबार जारी मौसम पूर्वानुमानबमोजिम गण्डकी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना प्रक्षेपण गरिएको उल्लेख गरेको छ ।

विभागको पूर्वानुमानका आधारमा उत्पन्न हुनसक्ने बढी, डुबान, पहिरो, भूक्षय, हिमपातलगायतका जोखिमका साथै सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने सम्भावनासमेतलाई मध्यनजर गरी सतर्कता अपनाउन अनुरोध गरेको हो । वर्षात्का समयमा अत्यन्त जरुरी काम नभई घरदेखि टाढा र रातको समयमा यात्रा नगर्न आग्रह गर्दै कार्यालयले यात्रा गर्नुपर्दा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचनालाई पालना गर्न गराउन अनुरोध गरेको छ ।

बाढीपहिरोको उच्च जोखिम रहेका स्थानमा उच्च सतर्कता अपनाउन र उपयुक्त र सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरिएको छ । वर्षात्को समयमा राष्ट्रिय राजमार्ग तथा ग्रामीण सडकमा चल्ने सवारीसाधनलाई संयमतापूर्वक सञ्चालन गर्न, क्षमताभन्दा बढी यात्रु नचढाउनलगायत सुरक्षित यात्राका लागि सतर्कता अपनाउन यातायात व्यवसायीले आफू मातहतका सवारी चालक एवं सहचालकलाई सचेत गराउन आग्रह गरिएको छ ।

### मुस्ताङमा हिमपातपछि निरन्तर वर्षा, जनजीवन प्रभावित

मंगलबारको हिमपातपछि हिमाली जिल्ला मुस्ताङमा निरन्तर वर्षा भइरहेको छ । जिल्लाको पाँचवटै स्थानीय तहमा बुधबार बिहानदेखि निरन्तर वर्षा भइरहेको छ ।

यसअघि उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकासहित मुक्तिनाथ क्षेत्रलगायत स्थानमा भारी हिमपात भएको थियो । तर, तल्लो मुस्ताङको घरपझोङ र थासाङ गाउँपालिका उच्च लेकमा हिमपात भए पनि बस्तीमा हिमपात भएको थिएन । यो वर्ष यहाँ कात्तिकमा नै हिमपात भएको छ ।

निरन्तर वर्षा भइरहेकाले जनजीवन प्रभावित भएको छ । पढ्ने बालबालिकालाई सास्ती भएको छ । धेरैजसो विद्यार्थी घरबाटै विद्यालय आउजाउ गर्ने भएकाले वर्षाले असर पुऱ्याएको धौलागिरि आवासीय माध्यमिक विद्यालयका शिक्षक आदित्यचन्द्र थकालीले जानकारी दिए । वर्षा भइरहे पनि सबै विद्यालयमा पठनपाठन भने भइरहेको छ । मुक्तिनाथ क्षेत्रमा निरन्तर वर्षा भइरहेको मुक्तिनाथ विकास समितिका कर्मचारी रबिन सुवेदीले जानकारी दिए । 'वर्षाका कारण रानीपौवा बसपार्कदेखि मुक्तिनाथको तल्लो प्रवेशद्वारसम्मको बाटो हिलाम्मे भएको छ,' उनले भने ।

कर्मचारी सुवेदीले हिमपात र वर्षा भइरहे पनि भक्तजनका लागि मुक्तिनाथ मन्दिर खुल्लै रहेको बताए । मुक्तिनाथ दर्शन गर्न जाने ज्येष्ठ नागरिक, अपांग र अशक्त भक्तजनलाई मन्दिर पुगेर दर्शन गरी फर्किन सकस भइरहेको मुक्तिनाथस्थित जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले बताए । मुक्तिनाथ बसपार्कदेखि घोडा र डोलीमा चढाएर मुक्तिनाथ आउजाउ गर्ने कार्य प्रभावित बनेको छ । *(राससको सहयोगमा)*

■■■

## आज साँझबाट...

'कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरूमा मध्यम वर्षाका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ,' बुलेटिनमा भनिएको छ, 'कोशी प्रदेश, मधेस प्रदेश र बागमती प्रदेशका थोरै स्थानहरूमा तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।'

कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका धेरै स्थानहरूमा तथा बाँकी उच्च पहाडी र हिमाली भू-भागका थोरै स्थानहरूमा मध्यम हिमपातको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ । कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना रहेकोसमेत महाशाखाले जानकारी दिएको छ ।

■■■

## सिण्डिकेट लागू...

'रोजगारीमा जान पाउने श्रमिकको हक, अधिकार र नेपालमा पेसा, व्यवसाय गर्न पाउने संविधानले दिएको व्यवस्था छ त्यसको सुनिश्चितता हुनुपर्छ,' अध्यक्ष गुरुङले भने । संघका महासचिव महेश बस्नेतले मलेसिया सरकारले नेपाली दूतावासलाई पठाएको पत्रमा षडयन्त्र र नियोजित योजना समेटिएको दाबी गरे । उक्त प्रावधान मलेसियालाई नभई एकाधिकार ल्याउन खोज्नेहरूलाई मात्र चाहिएको र यसले मुलुकको अर्थतन्त्रलाई समेत प्रभाव पार्ने उनले जिकिर गरे ।

'हाम्रो देशको श्रम नीतिले पनि नस्वीकारेको कुरा, संविधानले पनि कल्पना नगरेको कुरा मलेसियाले प्रस्ताव गरेको छ । नेपालीलाई काम चाहिएको छ, मलेसियालाई कामदार चाहिएको छ । यो बीचमा कुनै पनि मापदण्ड मलेसियालाई चाहिएको छैन,' महासचिव बस्नेतले भने, 'तर मलेसियालाई चाहियो भनेर जुनखालको षडयन्त्र रचेर नेपाललाई मलेसियामार्फत प्रस्ताव गर्न खोजिँदै छ यसले नेपालको अर्थ नीतिलाई समेत प्रभाव पार्छ ।' कार्यक्रममा संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले मलेसिया सरकारबाट आएका मापदण्डभित्र पर्ने व्यवसायीहरू नै सिण्डिकेटधारी भएको दाबी गरे । संघले त्यस्ता व्यवसायीको पहिचान गरेर प्रतिबद्धता माग्ने उनको भनाइ थियो ।

'मलेसिया सरकारबाट आएका जुन प्रोटोकलहरू छन्, त्यहीभित्र नै सिण्डिकेटधारी छन् । किनकि, त्यो उनीहरूको अनुकूलतामा बनेको हो,' श्रेष्ठले भने, 'ती मापदण्ड पुगेका संस्थाहरू पहिचान गर्छौं । ती संस्थाहरू को-को मापदण्डभित्र पर्छन् उनीहरूको प्रतिबद्धता आएको छ कि छैन भनेर पुनः चेकजाँच गर्छौं । यदि आएको छैन भने तिनीहरूलाई सम्झाएर प्रतिबद्धता लिन्छौं ।' प्रतिबद्धतापत्र दिन नमान्ने संस्थालाई वैदेशिक रोजगार समाजबाट बहिष्कार गर्ने चेतावनी श्रेष्ठले दिए ।

कार्यक्रममा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापा, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावललगायत सबै घटक संस्थाका प्रतिनिधिहरू, संघका पदाधिकारी र सल्लाहकारहरूको उपस्थिति थियो । यही अक्टोबर २७ मा मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई १० बुँदे मापदण्डसहितको पत्र पठाएको थियो । उक्त मापदण्ड कार्यान्वयनमा आए धेरैजसो व्यवसायीले मलेसियामा कामदार पठाउन नपाउने देखिन्छ ।

■■■

## श्रम मन्त्रालयको...

'नेपालको संविधान, नेपालले अंगीकार गरेको श्रम तथा रोजगारसम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि, सम्झौता र अन्तर्राष्ट्रिय कानुनको परिधिमा रही मन्त्रालयबाट सरोकारवाला सबै पक्षसँग छलफल गरी उपयुक्त निर्णय गर्ने कुरा सम्बद्ध सबैमा जानकारी गराउँदछौं,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले यो विषयमा श्रमिकको हक हित सुरक्षित हुनेगरी आवश्यक कूटनीतिक पहल भइरहेको जनाइएको छ । साथै, मलेसिया सरकारसँग २०१८ नोभेम्बर २९ मा भएको श्रम समझदारी नवीकरण गर्ने चरणमा रहेको पनि मन्त्रालयले जानकारी दिएको छ ।

■■■

## रेशमको नयाँ...

पटक-पटक प्रदेश र संघीय सरकारमा दल सहभागी भयो । तर, रेशम र रञ्जिताबीच कलह यति चुलियो कि एउटै पार्टीमा रहनै नसक्ने भए । त्यसकै परिणाम बिहीबार रेशम संरक्षक बसेर कबीरको नेतृत्वमा नयाँ दल दर्ता ।

रेशमले यो दल आगामी २१ फागुनमा हुने चुनावमा भाग लिनेगरी दर्ता गराएका हुन् । त्यस क्रममा रेशमसहितका नेताहरू एकै रङको ज्याकेट लगाएर निर्वाचन आयोगको कार्यालय पुगेका थिए । नाउपा नेपालका अध्यक्ष बनेका कबीर विद्यार्थी हुन् । उनले हालै नेपाल कमर्स क्याम्पसबाट बिबिएस पूरा गरेका छन् । उनको घर कैलालीको टीकापुर नगरपालिका-१ हो । उनले देश संकटपूर्ण अवस्थामा रहेको र यस्तो अवस्थामा राजनीतिक आउनु बाध्यता रहेको बताए ।

'जेन-जी आन्दोलनपछि हामीले हाम्रो देश हामीले नै बनाउन पाउनुपर्छ भनेर एकजुट हुन जरूरी छ । त्यसकारण जब जब देश संकटमा जान्छ, तब तब युवाहरू आउनुपर्छ,' उनले भने, 'देशले मागेको अवस्थामा मजस्ता युवाहरू राजनीतिमा आउनु परेको हो ।' अब केही दिनमै केन्द्रीय समिति बैठक बसेर पार्टीको कार्यदिशा तय गर्ने उनले बताए । त्यसबाहेक पार्टीको योजना निर्माण गरेर निर्वाचनको तयारी गर्ने उनको भनाइ छ । पार्टी सञ्चालन भने संरक्षक रेशमको निर्देशनअनुसार गर्ने पनि जानकारी दिए ।

पार्टीमा पूर्वसांसद अब्बल खानसहित जनमत पार्टी त्यागेका पाँच जना जोडिएका छन् । डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको जनमतमा यसअघि केन्द्रीय उपाध्यक्ष थिए । तर, राउतसँग विवाद बढ्दै जाँदा उनी कारबाहीमा परेका थिए । त्यसपछि उनले दल त्याग गरेर हिँडेका हुन् ।

# स्वास्थ्य मन्त्रालय सिंहदरबार परिसरमै सार्ने तयारी

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अब सिंहदरबारमा सार्ने तयारी थालिएको छ । सिंहदरबारपरिसरको दक्षिण-पश्चिमतर्फ रहेको नेपाली सेनाको नर्सिङ दल गणको खाली जग्गामा मन्त्रालय सार्न लागिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सो जग्गामा 'प्रिफ्याब' भवन अस्थायी रूपमा बनाइँदै गरेको जानकारी दिए । उनले भने, 'नेपाली सेनाको गण उत्तरतर्फ आफ्नै भवनमा सरेपछि त्यहाँ रहेको खाली जग्गामा छ वटा प्रिफ्याब भवन बन्दै छ । बाँकी खाली रहेको भवनमा रङ लगाएर कार्पेटिङ गरेर बस्ने योजना छ ।'

प्रवक्ता बुढाथोकीले दुई हप्ताभित्र संरचना तयार गरी स्वास्थ्य मन्त्रालय सिंहदरबारभित्र सार्ने तयारी भइरहेको र मंसिर १ गतेदेखि सम्भवतः सरिसक्ने बताए । 'सिंहदरबारभित्र रहेको नयाँ संसद् भवन बनेपछि अहिलेको संसद् सचिवालयको भवन स्वास्थ्य मन्त्रालयको स्थायी संरचनाको रूपमा पायौं भने त्यहाँ सर्छौं । त्यसका लागि पनि छलफल भइरहेको छ,' उनले भने ।

भदौ २४ गते जेन-जी आन्दोलनको आगलागीका कारण रामशाहपथस्थित स्वास्थ्य मन्त्रालयको भवन जलेर ध्वस्त भएको थियो । हाल मन्त्रालय पछाडि रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)को नयाँ भवनबाट स्वास्थ्य मन्त्रालयले काम गरिरहेको छ ।


Khumbu Pasanglhamu Rural Municipality
Office of the Rural Municipal Executive
Chaurikharka, Solukhumbu, Koshi Province

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

Date of publication: 2082-07-14 (31stOct,2025)

यस कार्यालयबाट मिति २०८२/०६/०१ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Bid Price (Including VAT), NRs | Remarks |
|---|---|---|---|---|
| 05/NCB/GOODS/MED/KPLRM/2082-83 | Procurement of various medicines in KPLRM | Himalayan Medicine Distributors, Lalitpur Nepal | 810224.50 | |



**स्कुटर हराएको सूचना**

मिति २०८२।०७।०५ गते काठमाडौं, कागेश्वरी मनोहरा न.पा ६, ग्रिनहिल सिटी, अर्याल गाउँबाट निलो रङ्को 125CC XOOM 125 R मोडलको निम्नानुसारको स्कुटर बेलुकी पख अन्दाजी १० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : फुर्पा लामा
स्कुटर नं.: बा.प्र.२-०६०- प ९६८२
च्यासिस नं.: MBLJFW701SGH04524
इन्जिन नं. : JF17ETSGH04051
ठेगाना : गोकर्णेश्वर-५, नारायणटार, काठमाडौं
सम्पर्क नं. ९८५१०१७१८५

**मोटरसाइकल हरायो**

विश्व खनालको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८२।०७।०२ गते टोखा.ना.न.पा.-०५, वसुन्धारा त्रिवेणी फुडलेन अगाडीको पार्किङ गरी राखेको ठाऊबाट साझको ७:३५ वजे देखी ८:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 220cc
बाई नं. BA PRA 02, 037 PA 7319
चेसिस नं. MD2A13EXONCL82894
इन्जिन नं. DKXCNL37241
रङ – RED/BLACK
सम्पर्क – 9851357715



**कतारमा रोजगार** कम्पनी : SOLIDARITY TRADING AND CONTRACTING SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/03/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 325577 | चलानी नं.६०२४००७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 1 | 0 | 1200 | ४६,४८५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४६,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**जापानमा रोजगार** कम्पनी : NITCHU GIJUTSU KORYU KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८१/04/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 310561 | चलानी नं. ६०२२५४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 4 | 4 | 155307 | १४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२



Government of Sudur Pashchim Province
Ministry of Social Development
**Province Health Logistic Management Center**
Dhangadhi, Kailali Nepal

**Invitation for Electronic Bid**

Date of publication: 2082/07/14 (Oct 31, 2025)

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali invites electronic bids from eligible bidders as below; under National competitive bidding – Single Stage Single Envelope procedures specified in public procurement Act & Regulations as:

| IFB no:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB-03/082-083 | Procurement Supply and Delivery of Anti-Rabies Vaccine (ARV) for Human. | NRs 1,45,000/- (Rupees One Lakh Forty Five Thousand only) | 2082/12/16 (March 30, 2026) or 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

Acting Director

# अन्नपूर्ण आधार शिविरबाट ७२ जना पर्यटकको उद्धार

■ सन्तोष गौतम

**म्याग्दी–** हिमपातका कारण समस्यामा परेका १७ जना विदेशीसहित ७२ जना पर्यटकहरूलाई सुरक्षाकर्मीहरूको टोलीले म्याग्दीको अन्नपूर्ण आधार शिविरबाट उद्धार गरेको छ ।

म्याग्दीदेखि मुस्ताङ जोड्ने धौलागिरि चक्रीय पदमार्गको 'हिडन भ्याली'मा हिउँले बाटो पुरिएपछि समस्यामा परेका पर्यटक उद्धार गर्न मुस्ताङ तर्फबाट सुरक्षाकर्मी टोली परिचालन भएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका पर्यटकहरू सोमबार रातिदेखिको वर्षा र हिमपातका कारण पैदलमार्ग पुरिएपछि फर्कन नसकेर समस्यामा परेका थिए ।

सशस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरबाट प्रहरी निरीक्षक विनोद पौडेलको नेतृत्वमा गएको सात जना सशस्त्र, तीन जना जनपद प्रहरी र स्थानीय उद्धारकर्मी इन्द्रसिंह शेरचनको टोलीले पर्यटकको उद्धार गरेको हो । गुल्मपति प्रमुख प्रहरी नायव उपरीक्षक लिलाबहादुर भुजेलले १७ विदेशीसहित ७२ जना पर्यटकहरूलाई आधार शिविरबाट उद्धार गरेर बिहीबार बिहान हुमखोला झारिएको र उनीहरू सकुशल रहेका जानकारी दिए ।

'हिउँले पदमार्ग पुरिएपछि बाटो बिराएका २० जनालाई डोरीको सहायताले उद्धार गरिएको छ,' उनले भने, 'उद्धार टोलीले पदमार्गमा थुप्रिएको हिउँ पन्छाएर सबै पर्यटकलाई सुरक्षित ठाउँमा ल्याएको छ ।' अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग खाली बनाएर सबै पर्यटकहरूलाई सकशुल सुरक्षित ठाउँमा ल्याइएको प्रनाउ भुजेलले जानकारी दिए । वर्षा, हिमपात र मौसम खराब भएपछि समुद्री सतहदेखि चार हजार १९० मिटर उचाईको आधार शिविर भ्रमणमा गएका पर्यटकहरू बास बसेकै ठाउँमा रोकिएका थिए ।

हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाट, भुसकेत मेला र पञ्चकुण्डको होटलमा बसेका पर्यटकहरू सुरक्षाकर्मीहरूको सहायतामा फर्किएका छन् । मंगलबार दिनभर हिमपात भएको उक्त क्षेत्रमा बुधबार मौसम सफा भएको थियो भने बिहीबार बिहानदेखि पुन हिउँ पर्न थालेको छ ।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले हिमपात र बर्षाका कारण हुन सक्ने सम्भावित जोखिमको आकलन गरेर सोमबारदेखि कात्तिक १४ गतेसम्म अन्नपूर्ण आधार शिविरको भ्रमणमा रोक लगाइएको बताए । खोप्रालेक, घोडेपानी, पुनहिल, मोहरेडाडालगायत क्षेत्रको भ्रमणमा नजान र सतर्कता अपनाउन प्रशासन तथा अन्नपूर्ण गाउँपालिकाले सार्वजनिक सूचनामार्फत अपिल गरेको छ ।

यसैगरी म्याग्दीको धवलागिरी-४ मुदीमा पर्ने धौलागिरि हिमालको आधार शिविरहुँदै मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा जाने क्रममा समुद्री सतहदेखि पाँच हजार १०० मिटर उचाईको 'हिडन भ्याली'मा समस्यामा परेका तीन जना बेलायतका महिला पर्यटक र १२ जना नेपाली पथप्रर्दशक तथा मजदुरहरूको उद्धारका लागि सुरक्षाकर्मीको टोली परिचालन भएको छ । जोमसोमदेखि बुधबार गएको नेपाली सेना, सशस्त्र र जनपद प्रहरीको तालिमप्राप्त सुरक्षाकर्मीहरूको टोली बिहीबार बिहान समुद्री सतहदेखि तीन हजार ७०० मिटर उचाईमा अवस्थित मार्फाको आलुबारी पुगेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुषालले बताए ।

'पर्यटकको टोली हिडन भ्यालीबाट धम्पुल लेकमा आइपुगेको जानकारी पाएका छौं,' उनले भने, 'सुरक्षाकर्मीको टोलीले बाटो बनाउँदै लेकतर्फ गइरहेको छ ।' जोमसोमस्थित नेपाली सेनाको उच्च शिखर शिक्षालयका सेनानी प्रशान्त बिष्टको नेतृत्वमा १५ तालिमप्राप्त सुरक्षाकर्मीहरू उद्धारमा परिचालन भएका हुन् । *रासस*

## मकालु आधार शिविर क्षेत्रमा यात्रा नगर्न प्रशासनको आग्रह

**संखुवासभा (प्रस)–** संखुवासभामा वर्षा र हिमपात भइरहेकाले उच्च हिमाली क्षेत्रका पर्यटकीय पदमार्गमा यात्रा नगर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ । कार्यालयले एक सूचना प्रकाशित गर्दै कात्तिक १५ गतेसम्म मकालु आधार शिविर तथा उत्तरी हिमाली क्षेत्रका पदमार्गमा यात्रा नगर्न अनुरोध गरेको हो ।

प्रतिकूल मौसमका कारण मंगलबारदेखि मकालु आधार शिविरसहित उच्च हिमाली भेगमा वर्षा र हिमपात भइरहेकाले पर्यटकलाई उच्च सतर्कता अपनाउन अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले बताइन् । निरन्तर वर्षा र हिमपात भइरहेकाले कात्तिक १५ गतेसम्म उच्च हिमाली क्षेत्रमा पदयात्रा नगर्न उनले सबैमा अनुरोध गरिन् ।

उत्तरी क्षेत्रको चार हजार भन्दामाथि निरन्तर हिमपात भइरहँदा चिसो बढेको, खाद्यन्य र अन्य अत्यावश्यक सामग्रीसमेत अभाव हुनसक्ने भन्दै मकालु आधार शिविर तथा उत्तरी हिमाली क्षेत्रका पदमार्गमा यात्रा नगर्नु उपयुक्त हुने प्रजिअ थपलियाको भनाइ छ ।

मकालु आधार शिविरमा नेपालीसहित २०० भन्दा बढी पर्वतारोही शिविरमा रहेका प्रशासनले जनाएको छ । प्रजिअ थपलियाका अनुसार ७० जना विदेशी नागरिकसहित २०० भन्दा बढी नेपाली पर्वतारोही अहिले आधार शिविरमा छन् । जिल्लाको मकालु, सभापोखरीसहित उच्च हिमाली भेगमा वर्षा र हिमपात भइर्हेको उनले जानकारी दिइन् ।

निरन्तर वर्षा भइरहँदा पहिरो जानसक्ने तथा सडक अवरुद्ध हुनसक्ने भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्नसमेत प्रशासनले सबैमा अनुरोध गरेको छ। पहिरोको जोखिममा रहेका परिवारलाई सचेत रहन आग्रह गर्दै प्रजिअ थपलियाले उच्च जोखिममा रहेका परिवारको स्थानान्तरणमा सहजीकरण गर्न १० वटै स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधिलाई आग्रह गरिन् । बाढीपहिरोको जोखिम भए वा विपद्को जोखिमको सम्भावना भएमा जिल्ला प्रहरी कार्यालय वा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा जानकारी गराउन प्रशासनले अनुरोध गरेको छ ।

# Gauriganj Rural Municipality
## Office of Rural Municipal Executive
Koshi Province
Gauriganj, Jhapa

## Invitation for Bids (IFB)

**Notice No:- 03/2082-83**
**First date of publication: 2082/07/14 B.S.**

1. Gauriganj Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, through the details are in the bidding document.

| Contract No | Description of Works | Estimated Amount (inclusive VAT and contingency) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| GRMW/NCB/ WORKS/1/2082-83 | Hulaki sadak divider railing tatha batti bewasthapan | 4849627.68 | 134000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/02/2082-83 | Ncell tower dekhi baghachaudhari hudai hukkagachi samma sadak kalopatre | 19607553.62 | 540000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/03/2082-83 | Bisfot chowk dekhi purba amgachi bi o pi chowk hudai uttar jane kalopatre bato nirman | 16877619.98 | 465000.00 | 3000.00 |

2. A complete set of Bidding Documents may be downloaded from the PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Ltd.
   Name of Office: Gauriganj Rural Municipal, Jhapa
   Ga 1.1 Aantarik Rajaswa khata Account no.: 0872050028409002
   Information to deposit the bid security amount in Bank:
   Name of the Bank: NIC Asia Bank Ltd.
   Name of Office: Gauriganj Rural Municipal, Jhapa
   Ga 3 Dharauti Khata Account no.: 0872050028426002
3. Electronic bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 2025-11-30(2082/08/14 BS) 12:00 hours . Bids received after this deadline will be rejected.
4. The Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 2025-11-30(2082/08/14 BS) 13:00 hours at the office of Gauriganj Rural Municipal, Jhapa, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original submission deadline.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. For further information Bidders can contact on following contact number during office hour :- (Planning Section-9849093786 )

**Chief Administrative officer**


## साउदीमा रोजगार
कम्पनी : ABDULLAH HUSSAIN AL MARHOON COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 331744 | चलानी नं. ६०२४६५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## कुवेत/युएइमा रोजगार
कम्पनी : HAIR ZONE LADIES BEAUTY SALON CO.
पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 328203 | चलानी नं. ६०२४२१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist/hair Dresser | 0 | 2 | 150 | ६८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 2 | 150 | ६८,९६० | | | | | | | |
| 3 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६८,९६० | | | | | | | |

कम्पनी : TASWEER AL-ARABIA GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 332755 | चलानी नं. ६०२२६५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 2 | 0 | 2500 | ९४,०२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३७,६०९ | | | | | | | |
| 3 | Bus Driver | 1 | 0 | 1800 | ६७,६९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार
कम्पनी : COMPANY KHEDMAT GHORF FOR MAINTENANCE & CLEANING
पूर्व स्वीकृति मिति : २०८१/०७/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 313768 | चलानी नं. ६०२२८०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ देखि २३ गते (7- 9 Nov. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.१५००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## ओमनमा रोजगार
कम्पनी : AL TAYEB LISLA AL ISTALAKIYA AND BUSINESS SPC
पूर्व स्वीकृति मिति : २०८२/०७/१२ | LT. No. 332665 | चलानी नं. ६०२४६५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Packaging Worker | 10 | 0 | 120 | ४४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

## साउदीमा रोजगार
कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 324752 | चलानी नं.६०२३८६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Worker | 5 | 0 | 1000 | ३७,६१० | | | | | | | |
| 3 | Office and Facility Cleaner | 5 | 0 | 1000 | ३७,६१० | | | | | | | |

कम्पनी : MAYTHAM BIN MOHAMMED BIN ALI AL SHEIKH GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332582 | चलानी नं.६०२४६४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading Labour | 1 | 0 | 1200 | ४५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PALM SPRINGS INTERNATIONAL COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 325782 | चलानी नं.६०२३९७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 14 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXPERTISE CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332911 | चलानी नं.६०२४६५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332912 | चलानी नं.६०२४६५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 30 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५


# मुकुल वचत तथा ऋण सहकारी संस्था लि.
बालुवाटार, काठमाडौं, सम्पर्क नं.: ०१-४५३५६२६, ०१-४५३५४६८

## धितो लिलाम बढाबढको ७ दिने सूचना

(तेस्रो पटक प्रकाशन मिति २०८२/०७/१४ गते)

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखित अनुसारको ऋण सम्बन्धी शर्तहरू पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नकासाथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दा तथा मिति: २०८१/०९/०३ गते धितो लिलामा बराबरको ३५ दिने सूचना प्रकाशित गर्नुको साथै मिति २०८२/०४/२३ धितो लिलाम बढाबढको ३५ दिने सूचना प्रकाशित गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोहि अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिने इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको सदस्यको विवरण | धितो विवरण | धन जमानी विवरण |
|---|---|---|
| नाम थर : नारायण बहादुर बस्नेत<br>नागरिकता नं : ३२४२४<br>बाबुको नाम : ज्ञान बहादुर बस्नेत<br>बाजेको नाम : जित बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट<br> | ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला चापागाँउ गा.वि.स./न.पा वडा नं. २क कित्ता नं. क्रमश: ४२८, ४३१ र ४२७ को ०-७-०-२ (२२६.५५), ०-८-०-० (२५४.३७) र ०-७-०-० (१९०.७८) वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत | नाम थर : प्रमिला रिजाल<br>नागरिकता नं.: १९२८९<br>बाबुको नाम : नयाँकान्त रिजाल<br>बाजेको नाम : डिल्लिराज रिजाल<br>पतिको नाम : नारायण बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट<br> |

**लिलाम बिक्रीका शर्तहरू:**
१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको कूल रकमको १०% ले नगद रकम धरौटि वापत तुरुन्तै (डाक बढाबढ गरेकै वखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा त्यसपछि दोश्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको लचल सम्पत्ति दने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनि वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैंले धितो जग्गा सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान:**
लिलाम हुने मिति: २०८२/०७/२१ गते शुक्रबार
समय : दिनको ३:३० बजे
स्थान : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सिण्डिकेट भित्रिन नदेऊ

यतिखेर वैदेशिक रोजगार क्षेत्र 'सिण्डिकेट'को विषयले त्रसित बनेको छ । मलेसिया सरकारले नेपालबाट श्रमिक पठाउने म्यानपावर कम्पनी छनोटका लागि १० वटा मापदण्ड तोकेर सूचीकरणमा आउन आह्वान गरेसँगै वैदेशिक रोजगारी व्यवसायीहरूमा त्राससँगै आक्रोश देखिएको छ । यही अक्टोबर २७ मा मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई १० बुँदे मापदण्डसहितको पत्र पठाएको थियो । उक्त मापदण्ड कार्यान्वयनमा आए धेरैजसो व्यवसायीले मलेसियामा कामदार पठाउन नपाउने देखिन्छ ।

मलेसिया सरकारको यो कदमले एकाधिकार 'सिण्डकेट' लागू हुने प्रस्ट संकेत गरेको भन्दै व्यवसायीहरू विरोधमा उत्रिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले बिहीबार पत्रकार सम्मेलन नै गरेर विरोध जनाएको छ । विभिन्न दलसम्बद्ध संघहरूले पनि विज्ञप्तिमार्फत सिण्डिकेटको विरोध जनाएका छन् । परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि मलेसियाको पत्र आएको पुष्टि गरिसकेका छन् ।

मलेसिया नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । तर, केही समययता भने मलेसियाले सुरक्षा गार्डबाहेक अन्य कामदार लैजान बन्द गरेको अवस्था थियो । पछिल्लो समय फेरि रोजगारी खुलाउने तयारी भइरहेको सन्दर्भमा सीमित व्यवसायीहरूलाई मात्र अवसर दिनेगरी सिण्डिकेट लागू गर्ने चलखेल भइरहेको हल्ला यसअघि नै चलेको थियो । व्यवसायीहरूले यो विषयलाई उठाउँदै आएका थिए । सरकार, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र मलेसियास्थित नेपाली दूतावासले पनि कुनै पनि हालतमा सिण्डिकेट लागू हुन नदिने प्रस्टीकरण दिँदै आएका थिए । तर, मलेसिया सरकारबाट आएको कडा मापदण्डसहितको पत्रले व्यवसायीहरूको शंकालाई पुष्टि गर्ने आधार दिएको छ ।

नेपालको कानुनले कुनै पनि सिण्डिकेटलाई मान्यता दिँदैन । यस्तो कार्य पूर्ण गैरकानुनी हुने कुरा सरकारले व्यवसायीहरूलाई बताउँदै आएको थियो । मलेसियाले नेपाली कामदार लैजान सिण्डिकेट हुनेगरी मापदण्ड तोक्नु नेपालको कानुनविपरीत हुनेमा द्विविधा छैन । यद्यपि, मलेसियाले आफ्नो देशमा कामदार लैजान आफ्नो कानुनभित्र रहेर मापदण्ड बनाउन सक्छ । तर त्यसरी मापदण्ड एकपक्षीय रूपमा बनाउँदा नेपालले स्वीकार गर्नैपर्छ भन्ने हुन्न । यस्ता मापदण्ड वा कुनै पनि विषय रोजगारदाता मुलुक र श्रमिक पठाउने स्रोत मुलुकबीच सम्झौता हुन जरुरी छ । दुई पक्षबीचको सम्झौता र सहमतिविनाको मापदण्डकै कारण दुई मुलुकबीचको श्रम सम्बन्ध बिग्रने अवस्था आउन सक्छ । त्यसैले सरकारले यसको समाधानका लागि तत्काल पहल गर्नुपर्छ ।

मुलुकमा रोजगारीको अवसर नहुँदा अधिकांश युवा वैदेशिक रोजगारीमा भर पर्नुपर्ने अवस्था छ । मलेसिया नेपाली श्रमिकको गन्तव्य रहँदै आएकोमा सिण्डिकेट प्रकरणले प्रभावित हुने सम्भावना बढेको छ । श्रमिकमात्र नभई नेपालका अधिकांश वैदेशिक रोजगार व्यवसायी प्रभावित हुने देखिन्छ । हाल दर्ता भई सञ्चालनमा रहेका करिब एक हजार म्यानपावर कम्पनीमध्ये अधिकांश मलेसिया कामदार पठाउने कार्यमै निर्भर रहेको व्यवसायीहरू बताउँछन् । यस्तो अवस्थामा मलेसियाले तोकेको कडा मापदण्डहरू पूरा गर्न नसक्ने म्यानपावरकै बाहुल्यता रहने देखिन्छ । सिण्डिकेट न श्रमिक, न व्यवसायी न मुलुकका लागि नै राम्रो हो । त्यसैले सिण्डिकेटलाई जसरी हुन्छ कूटनीतिक पहलमार्फत रोकौं ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# पर्वतकी रानी
# हिउँचितुवा संरक्षणको प्रयास



कृष्ण अधिकारी

> स्थानीय समुदायको संलग्नता र सहभागिताविना कुनै पनि संरक्षणको प्रयास सम्भव हुँदैनन् भन्ने विभिन्न अध्ययन र अभ्यासले पनि प्रस्ट भएको छ । हिउँचितुवा संरक्षण र प्रवर्द्धनका लागि समुदाय नेतृत्वमा आधारित आमा समूहको परिचालन एवं नागरिक वैज्ञानिक तयार गरी तिनको परिचालन गर्ने काम केही स्थानमा भएका छन् । यस्ता कार्यक्रम अन्य हिउँचितुवा वासस्थान क्षेत्रहरूमा बिस्तार गर्दैं लगिनु आवश्यक छ ।

यसै साता (अक्टोबर २३) विश्वका धेरै देशमा 'मौन संरक्षकको सुरक्षा गर्दै' भन्ने नाराका साथ हिउँचितुवा दिवस मनाइयो । अघिल्लो वर्ष 'भावी पुस्ताका लागि हिउँचितुवाको वासस्थानको सुरक्षा' भन्ने नारा तय गरिएको थियो । यसले हिउँचितुवाको वासस्थान उच्च जोखिममा रहेको तथ्यलाई विश्वव्यापीरूपमै स्वीकार गरिएको छ भने यसको संरक्षणका लागि स्थानीय समुदायदेखि सरोकारवाला निकायले संरक्षकको सुरक्षामा ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिएको छ ।

यतिबेला मनाङ, मुस्ताङमा प्रशस्त पर्यटक त्यहाँको प्राकृतिक सौन्दर्यताको अवलोकन गर्न गएको समाचार आइरहँदा ती क्षेत्र हिउँचितुवाको बासस्थान पनि हो भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । हिउँचितुवालाई पर्यटकीय क्रियाकलापसँग जोड्न सकिएमा यसले स्थानीय वासिन्दाको जीविकोपार्जनमा टेवा पुग्दछ । जसरी चितवनको सौराहामा एकसिंगे गैंडा, हात्तीलगायतका जनावर पर्यटकको आकर्षण बनेका छन्, त्यसरी नै हिउँचितुवा हेर्न पनि पर्यटक जाने वातावरण बनाउन सकिन्छ ।

नेपालमा झण्डै ३० हजार वर्ग किलोमिटर क्षेत्र हिउँचितुवाका लागि उपयुक्त रहेको मानिन्छ । हिउँचितुवा पाइएको क्षेत्रमध्ये ५८ प्रतिशत संरक्षित क्षेत्र रहेको छ भने ४२ प्रतिशत निकुञ्ज बाहिर रहेको छ । हिउँचितुवाको संरक्षण एक निकुञ्ज र संरक्षित क्षेत्रमा मात्रै काम गरेर हुँदैन । समुद्री सतहबाट दुई हजार ७०० देखि पाँच हजार ६०० मिटर उचाइमा पाइने यो जनावर नेपालसहित अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मंगोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार नेपालमा हिउँचितुवाको संख्या ३९७ रहेको छ भने विश्वमा करिब चार हजारदेखि छ हजार ५०० को संख्यामा रहेको अनुमान गरिन्छ । विश्वको कूल दुई प्रतिशत हिउँचितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँचितुवा रहेको बताइन्छ । विश्वभरिका चिडियाघरमा करिब ६०० वटा हिउँचितुवा रहेको बताइन्छ ।

स्वच्छ हिमाली पर्यावरणको सूचक मानिने हिउँचितुवा एक दुर्लभ र अति सुन्दर वन्यजन्तु हो, जसलाई 'पर्वतको भूत' भनेर पनि चिनिन्छ । यसको लुकिचोरी बस्ने र अत्यन्तै सतर्क र छिपाउने क्षमतायुक्त स्वभाव भएको हुनाले नै कतिपयले यसलाई पर्वतको भूत भन्ने गरेका हुन् । नेपालमा यसको मुख्य बासस्थानमा मुस्ताङ, मनाङ, मुगु, हुम्ला, डोल्पा, रसुवा, सोलुखुम्बु र ताप्लेजुङ जिल्लाको प्रायः तीन हजारदेखि पाँच हजार ५०० मिटर उचाइसम्मका चट्टानी र बर्फिला क्षेत्रमा पाइन्छ । हिमाली समुदायमा हिउँचितुवालाई स्थानीय देवताको पाल्तु जनावरको रूपमा लिने भएकोले यसको सांस्कृतिक महत्त्व रहेको बुझ्न सकिन्छ ।

एक्लै बस्ने स्वभाव रहेको यस जनावरको मुख्य आहार नाउर, झारल, कस्तुरी मृग, फचाउ मुसो, हिमाली खरायो, डाँफे आदि रहेको छ । हिमालको रक्षकको रूपमा पनि लिने गरिने हिउँचितुवा उच्च हिमाली क्षेत्रको स्वस्थ्य पारिस्थितिकीय प्रणालीको महत्त्वपूर्ण हिस्साको रूपमा लिने गरिन्छ । पछिल्लो समय जलवायु परिवर्तन एवं मानव-वन्यजन्तु बीचको द्वन्द्वका कारण हिउँचितुवाको वासस्थानमा प्रभाव र आहाराको अभाव हुँदा यसको संख्यामा कमी आउँदा पर्या-प्रणालीमा असर देखिन थालेको छ । वासस्थानको गुणस्तर र आहारा प्रजातिमा कमी आउनु नै हिउँचितुवाको संरक्षणको मुख्य चुनौती रहेको छ । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा बढी असर पुर्‍याएको र यसको प्रभावले हिउँचितुवाको वासस्थानमा ह्रास आएको छ ।

हिमाली क्षेत्रमा हिमरेखा (वृक्षरेखा) माथितिर सरिरहँदा हिउँचितुवाको वासस्थान मानिएको क्षेत्र साँघुरिँदै गएको छ । यसले गर्दा एकातिर हिउँचितुवाले जलवायु शरणस्थलको रूपमा माथितिर विस्थापित हुनुपर्ने छ भने अर्कोतिर यदाकदा अन्य जनावरजस्तै चितुवासँग पनि आहाराका लागि संघर्ष गर्नुपर्ने भएको छ । नाउर, झारलजस्ता आफ्नो आहारा खोज्दै तल झर्दा तिनको संख्या घट्न गएकाले चरनमा रहेका वा बस्तीमा पसेर भेडाबाख्रा वा अन्य घरपालुवा जनावरलाई मार्ने क्रम बढ्न थालेको छ । यसले गर्दा किसानले हिउँचितुवालाई पासो लगाउने, विष राख्ने हुँदा पनि यसको अस्तित्व संकटमा परेको छ ।

यसरी जलवायु परिवर्तनसँगै मानिस र हिउँचितुवाबीचको द्वन्द्व बढ्दै गएको छ । हिउँचितुवा एकै स्थानमा रहन्छ भन्ने पनि हुँदैन । जिपिएस स्याटेलाइट अध्ययनले नेपालको कञ्चनजंघामा रेडियो कलर गरिएको हिउँचितुवा भुटानमा फेला परेको थियो । हिमाली शृंखलामा जोडिएका सीमावर्ती भारत, तिब्बतमा पनि सहजै जानसक्ने हुँदा यसको संरक्षणमा त्रिदेशीय सहकार्य र समन्वय हुन आवश्यक छ । हिउँचितुवा हिमाली संस्कृति र धर्मसँग पनि जोडिएको हुनाले यसको संरक्षणलाई जनताको आर्थिक पक्षसँग जोड्नुपर्छ ।

## संरक्षणमा राष्ट्रिय प्रयास

जलवायु परिवर्तनका कारण उच्च हिमाली क्षेत्रमा बढी असर पुर्‍याएपछि वासस्थान नष्ट हुने क्रमसँगै यसको अस्तित्व संकटमा परेको छ । वासस्थानमा आएको ह्रासले यसको आहारा प्रजातिमा कमी आएको छ । हिउँचितुवा संरक्षणमा देखिएका मुख्य चुनौतीमा मानव र वन्यजन्तुबीचको द्वन्द्वलगायत वासस्थानको ह्रास, आहारका लागि सिकार प्रजातिको कमी, चोरी सिकार, गैरकानुनी व्यापार र प्रतिशोधात्मक द्वन्द्वलाई मानिन्छ । अतः यी चुनौतीको न्यूनीकरणका लागि सरकार र विभिन्न संघसंस्थाको पहलमा संरक्षणका कार्यक्रम सञ्चालन गरिएका छन् । यसअनुरूप राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) अन्तर्गत यसका आयोजना क्षेत्रमा हिउँचितुवाको क्यामरा ट्र्याप अनुगमन, परभक्षी प्रतिरोधक गोठ निर्माण, गोठाला शिक्षालगायतका क्रियाकलाप गरेको पाइन्छ भने नेपाल सरकार र विश्व वन्यजन्तु कोषबाट कञ्चनजंघा संरक्षण क्षेत्रमा समुदायमा आधारित पशुधन बिमा कार्यक्रम, कञ्चनजंघा संरक्षण क्षेत्र र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा जिपिएस स्याटेलाइटबाट हिउँचितुवाको वैज्ञानिक अध्ययन अनुसन्धान भएका छन् । यसदेखिबाहेक मनाङ र डोल्पामा हिउँचितुवा लक्षित पर्यटन कार्यक्रम पनि सञ्चालनमा रहेका छन् ।

यसैगरी, समुदायमा आधारित हिउँचितुवा संरक्षण परियोजना (सिबिएसएलसिपी)मार्फत मुस्ताङ र ताप्लेजुङका विभिन्न समुदाय र विद्यालयमा हिउँचितुवा लक्षित संरक्षण शिक्षा र चेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

## स्थानीय पाठ्यक्रममा हिउँचितुवा संरक्षण शिक्षा

हिउँचितुवाको महत्त्वपूर्ण वासस्थान क्षेत्र रहेका नेपालका दुई जिल्ला मुस्ताङ र ताप्लेजुङले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा हिउँचितुवासम्बन्धी विषयवस्तु समावेश गरेका छन् । मुस्ताङमा घरपझोङ गाउँपालिकाको सक्रियता र टेका समूह नेपालको पहलमा तथा ताप्लेजुङमा फक्तालुङ गाउँपालिका आफैंले स्थानीय पाठ्यक्रम निर्माण गरी हिउँचितुवाका सन्दर्भ समावेश गरेको छ ।

सिबिएसएलसिपीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँगको सहकार्यमा हिउँचितुवा संरक्षण शिक्षाका कक्षा ६, ७ र ८ का विद्यार्थीलाई लक्षित गरी तीनवटा सन्दर्भ पुस्तक तयार गरेको हो । यसको प्रभावकारितालाई मूल्यांकन गरी कक्षा ९ देखि १२ सम्म पनि यसलाई निरन्तरता दिनसके यसको समावेश गर्नसके हिउँचितुवा संरक्षणको संस्थागत दिगो विकास हुने देखिन्छ । कुनै स्थान विशेषका पाठ्यक्रममा मात्र नभएर राष्ट्रियस्तरबाटै विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममासमेत हिउँचितुवालगायत संरक्षित वन्यजन्तुसम्बन्धी विषयवस्तु समावेश गर्नु आवश्यक छ ।

## हिउँचितुवा संरक्षण राष्ट्रिय कार्ययोजना र स्थानीय सहभागिता

नेपाल सरकारले डब्लुडब्लुएफ नेपालको सहयोगमा हिउँचितुवा संरक्षण राष्ट्रिय कार्ययोजना (सन् २०२४-२०३०) कार्यान्वयनमा ल्याएको छ । यस कार्ययोजनाले हिउँचितुवाजस्तो अद्वितीय प्रजाति र यसको सम्पूर्ण पारिस्थितिक प्रणालीको संरक्षणका लागि मार्गदर्शन गरेको छ । यसमा हिउँचितुवाको वैज्ञानिक अध्ययनदेखि वासस्थान, पारिस्थितिकी र जैविकमार्गको सुधार, हिउँचितुवा र समुदायबीचको द्वन्द्व न्यूनीकरण, वन्यजन्तु अपराध र व्यापार नियन्त्रण एवं राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई सुदृढ बनाउने र स्थानीय समुदायको सहभागिता बढाउने उद्देश्य राखिएको छ ।

स्थानीय समुदायको संलग्नता र सहभागिताविना कुनै पनि संरक्षणको प्रयास सम्भव हुँदैनन् भन्ने विभिन्न अध्ययन र अभ्यासले पनि प्रस्ट भएको छ । हिउँचितुवा संरक्षण र प्रवर्द्धनका लागि समुदाय नेतृत्वमा आधारित आमा समूहको परिचालन एवं नागरिक वैज्ञानिक तयार गरी तिनको परिचालन गर्ने काम केही स्थानमा भएका छन् । यस्ता कार्यक्रम अन्य हिउँचितुवा वासस्थान क्षेत्रहरूमा बिस्तार गरिँदै लगिनु आवश्यक छ ।

हिमाली पारिस्थितिक प्रणाली सन्तुलन कायम राख्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने र हिमाली समुदायको सांस्कृतिक, सामाजिक तथा आर्थिकपक्षसँग सम्बन्ध राख्ने महत्त्वपूर्ण जीव भएको हुनाले हिउँचितुवा संरक्षणमा हामी सबैको चासो जानु जरुरी छ । अतः हाम्रा भविष्यका सन्ततिका लागि यसको दिगो संरक्षण तथा व्यवस्थापन हुनु अपरिहार्य छ । यसका लागि हिउँचितुवामाथि थप अनुसन्धान तथा जनचेतना अभिवृद्धिमूलक कार्यक्रमलाई बढावा दिनुपर्ने देखिन्छ ।

# पञ्चेबाजा: परम्पराको स्वर, पहिचानको गाथा



केबलबहादुर दमाई

नेपाल विविधता र संस्कृतिले भरिएको राष्ट्र हो । हिमाल, पहाड र तराईका बीच फैलिएको यो देश केवल भौगोलिक सुन्दरता र जातीय विविधतामा सीमित छैन, यसको आत्मा त यसकै मौलिक परम्परा र सांगीतिक धरोहरमा बस्छ । त्यही धरोहरमध्ये एक अमूल्य र प्राचीन सम्पदा हो- पञ्चेबाजा । पञ्चेबाजा केवल बाजाको समूह होइन, यो नेपाली समाजको आत्मीय भावना, हर्षको प्रतीक र संस्कृतिको जीवन्त दस्तावेज हो ।

इतिहास र उत्पत्तिको गहिराइ

पञ्चेबाजाको इतिहास नेपालको सांस्कृतिक विकाससँगै नजिकबाट जोडिएको छ । यसको उत्पत्ति लिच्छवीकालसम्म पुग्ने मान्यता पाइन्छ । तत्कालीन समयमा धार्मिक तथा राजकीय समारोहहरूमा सनई, नरसिंगा, ढोलक, झ्याली र दमाहा बजाइन्थ्यो । मल्लकालमा दरबारका उत्सव, देवीदेवताका पूजाआजा र विजययात्रामा पनि यी बाजाहरूको प्रयोग व्यापक थियो ।

तर पञ्चेबाजा दरबारका सीमित प्रचलनमा मात्र रहेन, विस्तारै गाउँघरतिर फैलियो र जनजीवनसँग गाँसियो । ग्रामीण समाजमा विवाह, ब्रतबन्ध, जात्रा, देवपूजा, नाचगान र सामूहिक उत्सवमा यसको अनिवार्य उपस्थिति रहने परम्परा बस्यो । पञ्चेबाजा त्यस समयको सामूहिक जीवनशैली, साझा हर्ष र सामाजिक एकताको प्रतीक बनेर स्थापित भयो ।

## संरचना र स्वरको सांगीतिक अर्थ

'पञ्चे' शब्दले जनाउँछ पाँच प्रमुख बाजाहरू- सनई, नरसिंगा, ढोलक, झ्याली र दमाहा । यी प्रत्येकको स्वरको अर्थ फरक भए पनि संयुक्तरूपमा उनीहरूले उत्पन्न गर्ने ध्वनि सामूहिक उत्सव र आनन्दको अभिव्यक्ति हो । सनईको मधुर स्वरले शुभ सूचनाको संकेत दिन्छ; नरसिंगाको गम्भीर गर्जनले गौरव र वीरताको भावना जगाउँछ; ढोलक र दमाहाले ताल दिन्छन् भने झ्यालीले रागमा जीवन थप्छ । यी सबै मिलेर नेपाली समाजको सामूहिक संगीतको लय निर्माण गर्छन्- जहाँ शब्दभन्दा अगाडि भावना बोल्छ ।

## सांस्कृतिक जीवनमा पञ्चेबाजाको भूमिका

नेपाली समाजमा जीवनका हरेक संस्कारहरूमा संगीतको महत्त्व छ । जन्मदेखि मृत्यु, पूजादेखि पर्वसम्म प्रत्येक अवसरमा कुनै न कुनै सांगीतिक स्वर गुञ्जिन्छ । विवाहमा पञ्चेबाजा बज्नु केवल परम्परा होइन, शुभता र सामाजिक सहकार्यको प्रतीक हो । वधू-वरको स्वागत, मण्डपको परिक्रमा, नाचगान- यी सबैमा पञ्चेबाजाको स्वरले उत्सवको वातावरण निर्माण गर्छ । पञ्चेबाजाले गाउँको सामूहिक भावनालाई एकसाथ बाँध्छ । जब पञ्चेबाजाको धुन बज्छ, गाउँका मानिसहरू उमंगका साथ नाच्न थाल्छन् । यो केवल मनोरञ्जन होइन समुदायको एकता, संस्कृतिप्रतिको आस्था र राष्ट्रिय पहिचानको प्रतिरूप हो ।

## अवमूल्यनको चुनौती

तर पछिल्ला दशकहरूमा पञ्चेबाजाको स्वर विस्तारै ओझेलमा पर्न थालेको छ । आधुनिक प्रविधि र पश्चिमी संगीतको प्रभावले युवापुस्ताको ध्यान परम्परागत बाजाहरूबाट टाढा पुर्‍याइरहेको छ । विवाह वा सांस्कृतिक समारोहमा डिजे संगीत र इलेक्ट्रोनिक ध्वनिको वर्चस्व बढ्दै जाँदा पञ्चेबाजा बजाउने परम्परागत कलाकारहरू पेसाबाट विस्थापित भइरहेका छन् ।

अर्कोतर्फ, पञ्चेबाजा बजाउने परम्परा प्रायः दमाई जातिका मानिसहरूसँग सम्बन्धित रहँदै आएको छ । सामाजिक विभेद र आर्थिक कठिनाइका कारण धेरै कलाकारहरू वैकल्पिक जीविकोपार्जनतर्फ लागेका छन् । यदि यसप्रकारको बेवास्ता जारी रह्यो भने पञ्चेबाजा केवल इतिहासका पानामा सीमित हुन सक्छ- जुन सांस्कृतिक क्षतिका रूपमा भयावह हुने छ ।

## संरक्षण र पुनर्जीवनको आवश्यकता

पञ्चेबाजा केवल संगीत होइन, यो नेपाल नामक सभ्यताको साँच्चिकै ध्वनि हो । त्यसैले यसको संरक्षण केवल कलाकारको दायित्व होइन, राज्य र समाजको सामूहिक जिम्मेवारी हो ।

राष्ट्रियस्तरमा सांगीतिक सम्पदाको सूचीमा यसलाई विशेष स्थान दिनुपर्छ । विद्यालय र विश्वविद्यालयमा लोकसंगीतको अध्ययनमा पञ्चेबाजालाई अनिवार्य अंशका रूपमा समावेश गर्न सकिन्छ । स्थानीय तहहरूले परम्परागत बाजा बजाउने समूहहरूको दर्ता, सहयोग र प्रोत्साहनका नीति ल्याउनुपर्छ । पर्यटनका क्षेत्रमा पनि पञ्चेबाजालाई सांस्कृतिक आकर्षणका रूपमा प्रस्तुत गर्न सकिन्छ- जसले आर्थिक लाभका साथै सांस्कृतिक चेतना पनि फैलाउँछ ।

## सांगीतिक चेतनाको पुनर्जागरण

हाम्रो समाजले बिर्सिन नहुने कुरा के हो भने, पञ्चेबाजाको धुन केवल बजाउनेहरूको होइन, सुन्नेहरूको पनि सम्पत्ति हो । यसको स्वरमा हाम्रो इतिहास बग्छ- त्यो इतिहास जसले नेपालको आत्मा बोकेको छ । आज जब हामी आधुनिकताको नाममा पश्चिमी धुनमा रमाइरहेका छौं, तब याद गर्न आवश्यक छ- हाम्रा पुर्खाले यही पञ्चेबाजाको स्वरमा हर्ष मनाएका थिए, यही ध्वनिमा विजयको घोषणा गरेका थिए, र यही धुनमा सामूहिक जीवनको स्वर लयबद्ध बनाएका थिए ।

पञ्चेबाजाको पुनर्जीवनको अर्थ केवल संगीतको पुनरागमन होइन, नेपालको मौलिक पहिचानको पुनःस्थापना हो । यसैले, पञ्चेबाजाको संरक्षण हाम्रो राष्ट्रिय कर्तव्य हो- जसले हाम्रो संस्कृति, आत्मा र गौरवलाई दीर्घजीवी बनाउँछ ।

पञ्चेबाजा नेपाली समाजको आत्मा हो । यसको स्वरले केवल कानलाई रमाउँदैन, आत्मालाई पनि छुन्छ । यो परम्परा र आधुनिकताबीचको पुल हो, जसले हामीलाई हाम्रो मूलतिर फर्काउँछ । यदि हामीले आज यसको संरक्षणमा ध्यान दिएनौं भने भोलिका पुस्ताले केवल किताबमा पढ्नमात्र पाउने छन् कि कहिल्यै सुनिने त्यो मधुर धुन- जसले नेपाललाई नेपाली बनाउँछ । पञ्चेबाजा हाम्रो गौरव हो, हाम्रो पहिचान हो र हाम्रो सांस्कृतिक उत्तराधिकार हो । त्यसैले यो बाजा बज्न छोड्नु भनेको हाम्रो आत्माको स्वर मौन बनाउनु हो ।



**हिउँले अवरुद्ध सडक** मुस्ताङको लोमान्थाङ गाउँपालिका–४ नेचुङ भन्सार नजिकै कोरोला नाका पुग्नुभन्दा करिब दुई किलोमिटर अगाडि सेल्फी डाँडानजिकै उकालो सडकको हिउँ नेपाल प्रहरीको जवानले पन्छाएर सहज बनाएको छ । सोमबार रातिदेखि परेको भारी हिमपातले मुस्ताङको उपल्लो भेग मुक्तिनाथदेखि कोरोला नाकासम्मको सडक पुर्णरूपमा अवरुद्ध बनाएको थियो । *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# धारिलो हतियार देखाइ लुटपाट गर्ने दुई जना पक्राउ

**काठमाडौं (प्रस)**– प्रहरीले काठमाडौंको तारकेश्वर नगरपालिका-५ गोलढुंगा फूलबारी गेट नजिक धारिलो हतियार देखाइ लुटपाट गरेको अभियोगमा दुई जनालाई पक्राउ गरेको छ ।

मकवानपुर भीमफेदी गाउँपालिका-५ घर भई हाल काठमाडौं बूढानीलकण्ठ बस्ने २६ वर्षीय सूर्यबहादुर घलान र सिन्धुलीको दूधौली नगरपालिका-१० घर भई हाल काठमाडौं बूढानीलकण्ठ बस्ने २३ वर्षीय मनोज चौधरीलाई पक्राउ गरिएको काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार बुधबार राति तारकेश्वर-५ गोलढुंगा फूलबारी गेट नजिक गोकणेश्वर नगरपालिका-५ बस्ने १९ वर्षीय श्रवण तामाङ सडक किनारामा बा प्र ०२-०५० प १६०२ नम्बरको मोटरसाइकल रोकेर बसिरहेको बेलामा बा ४२ प ४०६९ नम्बरको मोटरसाइकलमा सवार दुई जनाले धारिलो हरियार देखाइ निजसँग रहेको कालो रङको झोला लुटेर फरार रहको अभियोगमा पक्राउ गरिएको हो ।

प्रहरी वृत बालाजु कार्यालयबाट पीडितसँग समन्वयमार्फत मातहतमा चेकजाँच खडा गरी पीडितले दिएको हुलियाका आधारमा अस्थायी प्रहरी पोस्ट तिनपिप्लेबाट जाँचमा खटिएका प्रहरी वरिष्ठ हवल्दार जीवन बुढाथोकी र प्रहरी सहायक हवल्दार कृष्णबहादुर बस्नेतले लुटिएको झोलासहित सामान र लुटपाटमा प्रयोग भएको मोटरसाइकल र निजहरूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीले उनीहरूको साथबाट बा प्र ०२-०५० प १६०२ नम्बरको बिलबुक, मोबाइलको चार्जर, घरको चाबी, रोलेक्स लेखेको घडी एक थान, नगद तीन हजार रूपैयाँ, खुकुरी एक थान, रेड्मी कम्पनीको मोबाइल एक थान, बोबो लेखिएको कालो रङको झोला एक थान, ट्रमाडोल लेखिएको लागुऔषध ३० थान, बा ४२ प ४०६९ नम्बरको रातो कालो मोटरसाइकल बरामद गरेको जनाएको छ ।

## शुक्लाफाँटा निकुञ्ज विस्थापितका पीडा

# ३३ आयोग गठन भए, समस्या उस्तै

**महेन्द्रनगर–** जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको मुल ढोका अगाडि शुक्लाफाँटा राष्ट्रिय निकुजबाट विस्थापित परिवार हालै रिले अनशन बसे । अनशनका क्रममा संघर्ष समितिका अध्यक्ष जयबहादुर रोकायाले पुनर्स्थापनाको विषय अढाइ दशक नजिक पुग्दा पनि सुनुवाइ नभएकोप्रति चिन्ता व्यक्त गरे । मुलुकमा व्यवस्था परिवर्तन भएको लामो समय बितिसक्दा पनि पीडितले नेता र सरकारको आश्वासनमात्रै पाएको दुखेसो पोखे ।

'वि.सं. २०५८ सालमा निकुञ्ज विस्तारका क्रममा जग्गा वा कुनै सुविधा नपाएका परिवारले २०६४ सालमा निकुञ्जकै ढक्का शिविरमा जग्गा कब्जा गरिबसे,' उनले भने, 'हाम्रो माग पीडित परिवारको पुनर्स्थापना हो, निकुञ्जको जग्गा कब्जा त केबल दबाब दिने उद्देश्यले लिइएको हो ।'

उनले पीडितको माग सम्बोधनका लागि ३३ आयोग बनिसकेको भए पनि पीडितप्रति राज्यले उपेक्षा गरेको आरोप लगाए । गत साउनदेखि यहाँका तीन स्थापनमा हड्ताल गरेका पीडितले केही दिनअघि जिल्ला प्रशासन कार्यालयको मुल गेटमा रिले अनशन सुरु गरेका थिए । अहिले पीडितको रिले अनशन डिभिजन वन कार्यालय केन्द्रित छ । 'हामीले आन्दोलन गर्दा केन्द्रबाट आएर भए पनि उधारो सहमति गरेर धोका दिने काम भयो,' अध्यक्ष रोकायाले भने, 'जिल्लामा म त हामीलाई पार्टीका नेताले चुनावका बेला भोट मागे, पीडितको समस्या समाधान गर्ने घोषणापत्र बनाए तर पीडितलाई न्याय भने कहीँबाट भएन ।'

ढक्का शिविरमा आश्रय लिइरहेका पीडितले वन्यजन्तुको आक्रमणबाट हरेक वर्ष ज्यान गुमाउँदै आएका छन् । यहाँका नागरिक आधारभूत सेवा सुविधासमेतबाट वञ्चित छन् । तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारको क्रममा २०५८ सालमा विस्तापित भएका आरक्ष विस्थापित यहाँ बसोबास गरिरहेका छन् ।

ऐलानी जग्गामा बसोबास गरिरहेका निकुञ्ज विस्थापितहरू करिब दुई हजार परिवारमध्ये ६०४ परिवार ढक्का शिविरमा बस्दै आएका छन् भने अन्य विस्थापित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वन क्षेत्रमा १४ वटा शिविरमा बसोबास गर्दै आएका छन् । निकुञ्ज विस्थापित मोतिलाल डगौराले आरक्ष विस्थापितका लागि सरकारले पटक-पटक गरेर ३३ आयोग बनाए पनि पीडितको समस्या समाधान हुन नसकेको दुखेसो पोखे ।

'विस्थापित हुने बेला लालपुर्जा थिएन सट्टाभर्ना पाइएन, त्यो बेला लालपुर्जा भएकाले सरकारबाट सट्टाभर्ना पाएका थिए,' डगौराले भने, 'हाम्रो व्यवस्थापनका लागि सरकारले पटकपटक आयोग गठन त गऱ्यो ती आयोगले समस्या समाधान गर्नुको साटो विस्थापितको संख्या थपघट गर्ने कामबाहेक केही गरेन ।'

यता सरकारले निकुञ्ज विस्तारको क्रममा विस्थापित भएकालाई व्यवस्थापन गर्नका लागि सरकारले २०३७ सालमा अमृतमान श्रेष्ठको अध्यक्षतामा आयोग गठन गरेको थियो । उक्त आयोगले जग्गाको लालपुर्जा भएका ६२ परिवारलाई ४४४ बिघा जग्गा सट्टा भर्ना दियो ।

आयोगपछि २०३८ सालमा सर्वज्ञराज पण्डितको अध्यक्षता र २०४२ सालमा युगनाथ शर्माको अध्यक्षतामा बनेका आयोगले दुई हजार १७५ परिवारलाई दुई हजार २३० बिघा जग्गा सट्टाभर्ना दिएको देखिन्छ । २०४४ सालपछिका आयोगले ऐलानी जग्गामा बसोबास गरेका आरक्ष विस्थापितको लगत संकलन गर्ने र थपघट गर्नेबाहेक हुनै काम गरेको देखिँदैन । 'आयोग गठनका नाउँमा कार्यकर्तालाई व्यवस्थापनको केन्द्र बनाइयो,' डगौराले भने, 'तर पीडितको पुनर्स्थापना अझै ओझेलमै छ ।'

वि.सं. २०७१ सालमा पुनरावेदन अदालतका पूर्वन्यायधीश ठाकुरप्रसाद शर्माको अध्यक्षतामा आयोग गठन गरेको थियो । उक्त आयोगले विगतका आयोगले प्रमाणीकरण गरेकामध्ये 'क' वर्गमा एक हजार ४८०, 'ख' मा २५६ र 'ग' मा २४४ परिवारको व्यवस्थापन गर्न सरकारलाई सिफारिस गरे पनि विस्थापितको व्यवस्थापन बाँकी छ ।

त्यसपछि तत्कालीन क्षेत्रीय वन निर्देशक सुधीर कोइरालाको अध्यक्षतामा बनेको आयोगले कुनै काम गरेन । उक्त आयोगपछि सुरेन्द्र बमको अध्यक्षतामा आयोग गठन गरियो । उक्त आयोगले एक हजार ४८० परिवारभित्र पनि छानबिन गरेर वास्तविक विस्थापितलाई १० कट्ठासम्म जमिन वा ६० लाख रूपैयाँ नगद दिनुपर्ने सुझाव सरकारलाई दिएको छ । उक्त सुझाव पेस गरेको केही समयमै सरकारले २०७८ सालमा पुनः दलबहादुर बोहरा नेतृत्वको ३२औं आयोग गठन गरेको थियो । उक्त आयोगले पनि विस्थापितको समस्या समाधान गर्न सकेन ।

सरकारले २०८१ सालमा उच्च अदालतका पूर्वन्यायधीश जयानन्द पनेरुको अध्यक्षतामा ३३औं आयोग गठन गरेको थियो । पनेरु नेतृत्वको आयोगले ठाकुरप्रसाद शर्मा आयोगले सिफारिस गरेको आधारमा छिटपुट रहेका पीडितको लगत संकलन गरेर दुई हजार २७ परिवारको व्यवस्थापन गर्न सरकारलाई सिफारिस गरेको छ । *रासस*


## सुनकोशी गाउँपालिकाको कार्यालय

रामटार, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

(सूचना प्रकाशित मिति २०८२/०७/१४

यस सुनकोशी गाउँपालिकाको कार्यालय रामटार सिन्धुलीबाट तपसिल बमोजिम कार्य सम्बन्धी बोलपत्र आव्हान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | (SUNRM/ GOODS/ SQ/01/082/083) | Supply and Delivery of Medicines (As per Technical Specification provided in Bidding Document) | Sanjushree Medicine suppliers Pvt. Ltd. Tripureshwor-12, Kathmandu | NRs. 13,35,603 (In words Thirteen lakh thirty-five thousand six hundred and three rupees only) |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## हिलिहाङ गाउँपलिका

## गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/०७/१४)

प्रस्तुत विषयमा हिलिहाङ गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए बमोजिमको निर्माण कार्य गराउनु पर्ने भएकाले मिति २०८२।०५।११ र २०८२/०५/२४ गतेका दिन https://www.bolpatra.gov.np/egp मार्फत बोलपत्रको सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्यांकित फर्म सारभूतरूपमा प्रभावग्राहि देखिएकोले स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनका लागि जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | निर्माण स्थल | फर्मको नाम तथा स्थल | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|---|
| ۱. | HRM/NCB/ WORKS/ 082/083/01 | Construction of Hilihang Wada no 3 Administrative Building | Hilihang-03 | Golden Nirman Sewa, Phidim Panchthar | 93,89,068.94 |
| 2. | HRM/NCB/ WORKS/ 082/083/02 | Construction of Infrastructure in torism area of mirdunga jharana hilihang | Hilihang-04 | Golden Nirman Sewa, Phidim Panchthar | 32,20,110.04 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## आँधीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, कृषि, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

*प्रकाशित मिति : २०८२/०७/१४*

यस कार्यालय बाट मिति २०८२।०४।२३ गतेको प्रभाव राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना नं. 02/Aandhikhola/082/83 को तपसिलमा उल्लेखित ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका विद्युतिय बोलपत्र (e-Bids) हरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतीका लागी छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| S. No. | Contract ID No. | Description of Works | Name and Address of Succdessful Bidders | Opening Date, Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1 | ANDH-W- NCB-KA-02-2082-83 | Upgrading of Kalikhola Thuma Tapu Aandha Aandhi Sadak | १. एस आर एस /एस एस वालिङ जे भी ,वालिङ स्याङ्जा<br>२. श्री राहुल / लाखे जे भी , पुतलीबजार - १३ स्याङ्जा<br>३. श्री बिध्यामोहन इन्जिनियरिंग कम्पनी प्रा लि., आँधिखोला -०५ स्याङ्जा | **Date :** 2082/07/21 **Time:** 12:00 hrs **Venue:** Office of Rural Municipal Executive, Andhikhola RM, Krishi, Syangja | |

**प्रमुख प्रशासकीय अधिकृत**



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

सानोठिमी, भक्तपुरको

श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौको नाममा सम्बन्धन/स्वीकृति प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगित) कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रकाशित मितिः २०८२/०७/१२ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह सामान्य चिकित्सा, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी, फिजियोथेरापी र नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौले** १०० वेडको **श्री विनायक अस्पताल तथा प्रसुति गृह टोखा न.पा.-०९ गोंगवु काठमाण्डौ** पेश गरी एवं उक्त संस्थाको नामसारी (स्वामित्व हस्तान्तरण) गरी स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम पुनः संचालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९औं वैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति२०८२/०६/३१ गतेको निर्णयानुसार स्थगित नर्सिङ्ग कार्यक्रमलाई माग भै आए अनुसार नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडी बढाउने प्रयोजनका लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति भै हाल स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स - प्रमाण लिखित जानकारी गराउनु हुन अनुरोध छ। उल्लेखित समयभित्र कसैको उजुरीपरेमा सोही अनुसार हुने र उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>सम्पर्कका लागि</u>

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर।

इमेलः ctevtaccreditation061@gmail.com

प्रभाव दैनिक

रूपशाला


**'परिवर्तन'को जापान, कतार र युएई प्रदर्शन अधिकार बिक्री**

निर्देशक बिजय केरूङ निर्देशित बहुप्रतिक्षित नेपाली फिल्म 'परिवर्तन' विदेशी प्रदर्शन अधिकार धमाधम बिक्री हुन थालेका छन् । टिजर रिलिजसँगै कतार, यूएई र जापानमा विक्री भएको हो । कतार र युएईका लागि प्रदर्शन अधिकार अशिष इन्टरटेनमेन्टले खरिद गरेको हो भने जापान अधिकार युना इन्टरटेनमेन्टले किनेको निर्माता दीपक सिवाकोटीले बताए ।





शुक्रबार, १४ कात्तिक २०८२ (Friday, 31 October 2025)


# बालगायक अशोक दर्जीको जीवनीमा बन्यो चलचित्र 'मन बिनाको धन'



■ प्रभाव संवाददाता

**काठमाडौं–** बालगायक अशोक दर्जीको जीवन र संघर्षलाई समेटेर चलचित्र 'मन बिनाको धन' तयार गरिएको छ । गायक दर्जीलाई सडकबाट उद्दार गरेर गायनसम्ममा साथ दिएका संगीतकार तथा गायक टंक बुढाथोकीले निर्देशन गरेका चलचित्रमा वर्तमान समाजमा मन र धनबीचको टकरावलाई चित्रण गर्दै दर्जीको 'जिरोबाट हिरो' बन्ने यात्रालाई देखाइएको छ ।

गायक बुढाथोकीले गायक दर्जीको बाल्यकालका घटनाक्रम, आफूमाथि लागेका केही आरोपको यर्थाथतालाई समेटेर चलचित्रको कथा तयार गरिएको बताए । उनले भने- 'सडकमा गीत गाउँदै हिँड्ने गायक दर्जीको जीवन परिवर्तन गरेको कथा चलचित्रमा ल्याएको छु । यो पूर्णतया उहाँकै जीवनी होइन, यसलाई हामीले चलचित्रकै रूपमा तयार गरेका छौं तर मूलभूत घटनाक्रम उहाँकै जीवनको लिइएको छ । यो चलचित्रले गायक दर्जीको जीवनीसँग परिचित गराउँदै मनोरन्जन पनि दिन्छ ।'

गायक दर्जी हाल कक्षा ९ मा अध्ययनरत रहेकाले चलचित्रका रूपमा यो उमेरका लागि यही पहिलो र अन्तिम हुने उनले बताए । उक्त चलचित्रमा गायक दर्जीसँगै सरोज खनाल, सन्तोष पन्त, रमा थपलिया, नीता ढुंगाना, भोला सापकोटा, बुद्धी तामाङ, रमेश विश्वकर्मा, रविन्द्र झा, पार्वती अधिकारी, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत, बाबु पराजुली, रक्षा श्रेष्ठ, प्रियंका झालगायतका कलाकारले अभिनय गरेका छन् । गायक दर्जीले गायक बुढाथोकीकै कारण आफूले शिक्षा र सांगीतिक वातावरण पाएको बताए ।

उनले भने- 'मलाई सडकबाट ल्याएर गायक बनाइदिनुभयो । म यसरी चिनिनु गायक बुढाथोकीकै देन हो । यो कथाले मेरो संघर्ष देखाएर प्रेरणा पनि दिन्छ । म जस्ता सडक बालकलाई सपना देखाउन र गन्तव्यमा पुऱ्याउन सायद अन्य कसैलाई प्रेरित गऱ्यो भने त्यो ठूलो उपलब्धि हुनेछ । सडकमा हिँड्ने बालकलाई आफ्नै परिवारको सदस्य बनाएका गायक बुढाथोकीबारे म शब्दले केही भन्न सक्दिन ।'

गायक बुढाथोकीको निर्देशनसँगै कथा लेखन रहेको चलचित्र 'मन विनाको धन' मा पटकथा र संवाद शिवम अधिकारीले लेखेका छन् । चलचित्र यही कात्तिक २१ देखि नेपालसँगै विदेशका केही स्थानमा प्रदर्शन हुने वितरक करण श्रेष्ठले जानकारी दिए ।

# 'परान'को बुकिङ खुल्यो, पारिवारिक दर्शक तान्ने अपेक्षा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित व्यापारिक घराना गोल्छा समूहका शेखर गोल्छा र विज्ञापन एजेन्सी प्रिज्मा एड्भर्टाइजिङका रञ्जित आचार्यको डेब्यू निर्माण 'परान'को बुकिङ खुला भएको छ ।

भोलि शुक्रबार (१४ गते) सार्वजनिक प्रदर्शनमा आउँदै गरेको फिल्मले देशभर उत्साहजनक शो पाएको छ ।

बाइस्कोप सिनेमाको ब्यानरमा निर्माण भएको यस फिल्मले हालसम्म ६४ भन्दा बढी शो पाएको छ । भावनात्मक पारिवारिक कथानक बोकेको यो फिल्म नेपाली बक्सअफिसमा पारिवारिक दर्शकलाई ठूलो संख्यामा आकर्षित गर्ने देखिन्छ। दीपक प्रसाद आचार्य (काकु)को डेब्यू निर्देशन रहेको फिल्ममा वरिष्ठ अभिनेताहरूलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएको छ ।

फिल्ममा शाहका अलावा मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, अञ्जना बराइली, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रूपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, बिनोद राई र बाल कलाकार आर्यादीप आचार्यले अभिनय गरेका छन् ।

त्यस्तै, फिल्मका गीतमा निर्देशक दीपक आचार्यकै शब्द, रिदम कँडेलको संगीत रहेको छ भने प्रमोद खरेल, पुष्पन प्रधान र रचना रिमालले स्वर दिएका छन् । छायांकन (डि.ओ.पी) शिवराम




श्रेष्ठले गरेका हुन् भने सम्पादन मित्र डी. गुरुङले गरेका हुन् । कोरियोग्राफी सुनिल क्षेत्रीले गरेका छन् ।

फिल्मका प्रोडक्सन म्यानेजर अनिष अधिकारी र समर चौलागाईं हुन् भने अजय उपाध्याय कार्यकारी निर्माता हुन् ।


रंगशाला


आइसिसी विश्वकप लिग-२

# कप्तान रोहितको शतकका बाबजुद नेपाल युएईसँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप लिग-२ अन्तर्गत आफ्नो पाँचौं त्रिकोणात्मक एकदिवसीय शृंखलामा नेपाल घरेलु टोली संयुक्त अरब इमिरेट्स (युएई) सँग पराजित भएको छ ।

दुबई अन्तरराष्ट्रिय क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल युएईसँग पाँच विकेटले पराजित भएको हो । नेपालले प्रस्तुत गरेको २३४ रनको लक्ष्य पछ्याएको युएईले ४३ दशमलव ३ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो । युएईका लागि आर्यन्श शर्माले ९८ बलमा १० चौका र तीन छक्काको मद्दतले सर्वाधिक ९८ रन बनाए । त्यसैगरी अलिसान सराफुले ४५, मोहम्मद वासिमले २६, ध्रुव परासरले अविजित १६, कप्तान राहुल चोपाराले १५, हर्षित कौशिकले १३ र जाहिद अलीले अविजित ११ रन बनाए ।

नेपालका लागि सन्दीप लामिछानेले दुई विकेट लिँदा करण केसी र दीपेन्द्रसिंह ऐरीले समान एक एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै २३३ रनको योगफल बनाएको थियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले १३० बलमा पाँच चौका र दुई छक्काको मद्दतले सर्वाधिक १०९ रनको योगदान गरे । यसैगरी आसिफ शेखले ३५, आरिफ शेखले २७, दीपेन्द्रसिंह ऐरीले २३ तथा करण केसीले १३ रन बनाए ।

युएईका लागि जाहिद अलीले चार विकेट लिए भने जुनैद सिद्धिकीले तीन तथा मोहम्मद रोहिद र हैदर अलीले समान एक/एक विकेट लिए ।

जारी शृंखलामा नेपालको यो लगातार दोस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल अमेरिकासँग १०६ रनले पराजित भएको थियो । यस हारसँगै १८ खेलमा १२ अंक जोडेको नेपाल सातौं स्थानमा छ । त्यस्तै यस जितसँगै युएई समान खेलबाट आठ अंकका साथ अन्तिम स्थानमा छ ।

# नेपाली राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक रसले दिए राजीनामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका मुख्य प्रशिक्षक म्याट रसले आफ्नो पदबाट राजीनामा दिएको अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ ।

गत फागुनमा एन्फा र अस्ट्रेलियाली प्रशिक्षक रसबीच एक वर्षका लागि सम्झौता भएको थियो । रसले करिब आठ




महिनामै राजीनामा दिएको एन्फाका महासचिव किरण राईको जानकारी दिए । के कारणले राजीनामा दिए भन्ने विषयमा पछि जानकारी गराउने उनले बताए ।

आठ महिनामा रसको प्रशिक्षकमा नेपाली फुटबल टोलीले सात अन्तरराष्ट्रिय खेल खेलेको थियो । जसमा नेपालले एक खेलमा जित हासिल गर्दा दुई खेल बराबरी तथा चार खेलमा पराजित भएको थियो । रसको प्रशिक्षणमा खेलेको पहिलो खेलमा नेपालले सिंगापुरलाई हराएको थियो ।


**नेपाल सरकार**

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**सडक बिभाग**

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय**

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय**

**कुश्मा, पर्वत**

**ठेक्का किन नतोड्ने सम्बन्धि अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति: २०८२/०७/१४)**

तपशिलमा उल्लिखित निर्माण व्यबसायी तथा पुष्पलाल (मध्यपहाडी ) राजमार्ग आयोजना निर्देशनालय बीच सार्बजनिक खरिद सम्झौता भई निर्माणको चरणमा रहेको तपशिलमा उल्लिखित निर्माण कार्यको सम्झौता बमोजिम कार्यप्रगति नभएको साथै लामो समयदेखि निर्माण कार्य ठप्प रहेकोमा विभिन्न मितिमा यस योजना कार्यालयबाट मौखिक एवं लिखित अनुरोध/ताकेता गर्दा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण ब्यबसायीको कुनै चासो नदेखिएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र संशोधित कार्य तालिका (Updated Work Schedule), सोही सँग मेल खाने भरपर्दो स्रोत परिचालन योजना (Resource Deployment Schedule) सहित आधिकारिक प्रतिनिधि यस कार्यालयमा उपस्थित हुन यो सुचना जारि गरिएको छ।उपरोक्त अवधि भित्र पनि कार्य सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताका सर्तहरु (GCC,Sub clause 57.3 & 57.4, Fundamental breach of contract) बमोजिम ठेक्का सम्झौता अन्त्य गरि ठेक्का सम्झौतामा भएका प्रावधान एवं प्रचलित कानुन वमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम | सम्झौता मिति |
|---|---|---|---|---|
| १. | MIDHLDNG/3371384/073/74-001 | Upgrading of Baglung-Burtibang Road to Black Top Standard (0+000 to 12+896 km) | श्री भारत/सिद्धिसाई जे.भी., सामाखुसी, काठमाडौँ | २०७३/१०/१४ |

**योजना प्रमुख**

# रुसी तेल खरिद स्थगित गर्ने भारतको घोषणा

**नयाँदिल्ली–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्कोका दुई प्रमुख तेल कम्पनीमाथि प्रतिबन्ध लगाएपछि भारतीय राज्य-समर्थित रिफाइनरी एचपिसिएल-मित्तल एनर्जी लिमिटेड (एचएमइएल) ले रुसी कच्चा तेल खरिद स्थगित गरेको जानकारी दिएको छ ।

राष्ट्रपति ट्रम्पले भारतमाथि लगाइएको आयात शुल्क बढाएर ५० प्रतिशत पुर्‍याएपछि गत अगस्टमा वासिङ्टन र नयाँदिल्लीबीचको सम्बन्धमा तीक्तता उत्पन्न भएको थियो । अमेरिकी अधिकारीहरूले भारतले मस्कोबाट छुटमा तेल किनेर अप्रत्यक्षरूपमा युक्रेनमा रूसको युद्धलाई सहयोग गरिरहेको आरोप लगाएका थिए ।

राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सम्भावित अमेरिकी व्यापार सम्झौताका सर्तहरूअन्तर्गत आफ्नो रुसी तेल आयात घटाउने सहमति जनाएको दाबी गरेका छन् । तर, भारत सरकारको तर्फबाट सो दाबीको पुष्टि भएको छैन ।

स्टिल व्यवसायी लक्ष्मी निवास मित्तल र राज्य-स्वामित्वको हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेड (एचपिसिएल) बीचको संयुक्त लगानीमा स्थापित एचएमइएलले हाल जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'रूसी कच्चा तेलको थप खरिद अस्थायीरूपमा स्थगित गर्ने निर्णय गरिएको छ ।' कम्पनीले सो निर्णय संयुक्त राज्य अमेरिका, युरोपेली संघ (इयू) र बेलायतले रुसबाट तेल आयातमा नयाँ प्रतिबन्ध घोषणा गरेलगत्तै लिएको बताएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'एचएमइएलको व्यापारिक गतिविधि भारत सरकारको नीति र राष्ट्रिय ऊर्जा सुरक्षासँग पूर्णरूपमा सुसंगत रहेको छ ।' यसैबीच, रूसी तेलको अर्को प्रमुख भारतीय क्रेता रिलायन्स इण्डस्ट्रिजले पनि वासिङ्टन र इयूका ताजा प्रतिबन्धहरूको प्रभाव मूल्यांकन भइरहेको जनाएको छ । कम्पनीका प्रवक्ताले भनेका छन्, 'हामी युरोपमा परिस्कृत पेट्रोलियम उत्पादनहरूको आयातसम्बन्धी इयूका निर्देशिका तथा भारत सरकारका दिशानिर्देशहरूको पूर्णपालना गर्नेछौं ।'

इयूले सन् २०२६ को अन्त्यसम्ममा रुसबाट तरल प्राकृतिक ग्यास (एलएनजी) आयातमा पूर्णप्रतिबन्ध लगाउने घोषणा गरिसकेको छ । रिलायन्सले आफ्नो 'परिक्षित र विविधीकृत कच्चा तेल स्रोत रणनीति' का माध्यमबाट घरेलु र निर्यात दुवै बजारका आवश्यकताहरू पूरा गर्न र रिफाइनरी सञ्चालनलाई स्थिर राख्ने विश्वस्तता व्यक्त गरेको छ ।

लण्डनस्थित फाइनान्सियल टाइम्सले बुधबार प्रकाशित गरेको अनुसन्धान प्रतिवेदनअनुसार एचएमइएलले विगतमा त्यस्ता रूसी तेलका ढुवानीहरू प्राप्त गरेको थियो, जसमा प्रयोग भएका केही जहाजहरू पछि अमेरिका र इयूको प्रतिबन्ध सूचीमा सूचीकृत गरिएका थिए । तर कम्पनीले ती जहाजहरू आफैँले भाडामा नलिएको र सम्पूर्ण ढुवानी शृंखलामा आफ्नो सीमित दृश्यता रहेको स्पष्टीकरण दिएको छ ।

एचएमइएलले थप स्पष्ट गर्दै भनेको छ, 'भारतमा कच्चा तेल पुर्‍याउने जहाजहरू डेलिभरीको समयमा अमेरिकी प्रतिबन्धको अधीनमा परेका थिएनन् ।' विश्वका सबैभन्दा ठूलो कच्चा तेल आयातकर्ता देशमध्ये पर्ने भारत आफ्नो कूल तेल आवश्यकताको करिब ८५ प्रतिशतभन्दा बढी विदेशी स्रोतबाट प्राप्त गर्दछ । परम्परागतरूपमा मध्यपूर्वी उत्पादकहरूमाथि निर्भर भारतले सन् २०२२ देखि पश्चिमी राष्ट्रहरूले रूसमाथि लगाएका प्रतिबन्धहरूका बीच मस्कोको छुटमा उपलब्ध कच्चा तेल खरिद गर्दै आएको थियो । *रासस/एएफपी*

# सन् २०३० भित्र चन्द्रमामा मानव पठाउने चीनको लक्ष्य

**जियुक्वान (चीन)–** चीनले बिहीबार सन् २०३० सम्ममा आफ्ना अन्तरिक्षयात्रीहरूलाई चन्द्रमाको सतहमा अवतरण गराउने योजनालाई तीव्ररूपमा अघि बढाइरहेको घोषणा गरेको छ । यो लक्ष्य चीनको दीर्घकालीन उद्देश्य (अन्तरिक्ष अन्वेषणमा विश्व नेतृत्व हासिल गर्ने) को महत्त्वपूर्ण हिस्सा हो ।

चाइना म्याण्ड स्पेस प्रोग्रामका प्रवक्ता झाङ जिङबोका अनुसार हाल चन्द्रमामा मानव अवतरणसम्बन्धी अनुसन्धान तथा विकासका सबै परियोजनाहरू सुचारु रूपमा अघि बढिरहेका छन् । उनले लङ मार्च-१० रकेट, चन्द्र अवतरण पोसाक र अन्वेषण सवारी निर्माणलाई यस दिशामा 'फलदायी उपलब्धि' का रूपमा वर्णन गरे । झाङले भने, 'सन् २०३० सम्ममा चन्द्रमामा व्यक्ति पठाउने हाम्रो लक्ष्य अटल र स्पष्ट छ ।'

यो घोषणासँगै चीनले आफ्नो तियांगोङ अन्तरिक्ष स्टेसनमा पठाउन लागेको नयाँ अन्तरिक्ष यात्री टोलीको परिचय पनि गराएको छ । यो मिसन चीनको बढ्दो अन्तरिक्ष क्षमताको अर्को महत्त्वपूर्ण चरण हो । नयाँ चालक दलमा झाङ लु, वु फेइ र झाङ होङझाङ रहेका छन् । उनीहरू आगामी शुक्रबार राति ११:४४ बजे जियुक्वान प्रक्षेपण केन्द्रबाट प्रस्थान गर्ने छन् ।

झाङ लुले यसअघि सेन्झाउ-१५ मिसनमा सहभागिता जनाइसकेका थिए भने वु फेइ र झाङ होङझाङका लागि यो पहिलो अन्तरिक्ष यात्रा हुने छ । उनीहरूले तियांगोङ अन्तरिक्ष स्टेसनमा पुगेर करिब छ महिनासम्म अनुसन्धान गर्ने योजना छ ।

यो यात्रामा अन्तरिक्ष यात्रीहरूले दुई नर र दुई पोथीसहित चारवटा मुसा पनि साथ लैजाने छन् । यी जनावरहरूमा भारहीनता र सीमित वातावरणको प्रभाव अध्ययन गरिने छ, जसले भविष्यको दीर्घकालीन अन्तरिक्ष यात्रामा जैविक अनुसन्धानका लागि मूल्यवान् जानकारी प्रदान गर्ने छ । *रासस/एपी*

दक्षिण कोरियामा ट्रम्प-सीको भेटवार्ता

# चीनमाथिको कर कटौती गर्ने ट्रम्पको घोषणा

**एयर फोर्स वन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार दक्षिण कोरियामा चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटलाई 'अत्यन्तै सफल' भन्दै चीनमाथि लगाइएको कर घटाउने घोषणा गरेका छन् । उनका अनुसार यस भेटपछि बेइजिङले दुर्लभ पृथ्वी तत्त्वहरूको निर्यात पुनः खोल्ने र अमेरिकी सोयाबिन खरिद सुरु गर्ने सहमति जनाएको छ ।



राष्ट्रपति ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूसँग भने, 'हामीले यस वर्षको सुरुमा चीनलाई फेन्टानिल उत्पादनमा प्रयोग हुने रसायनहरू बेचेकोमा सजायस्वरूप लगाइएको करलाई २० प्रतिशतबाट १० प्रतिशतमा घटाउँदै छौं ।' यस कदमपछि चीनमाथिको कूल कर दर ५७ प्रतिशतबाट घटेर ४७ प्रतिशतमा पुगेको उनको भनाइ छ ।

'शून्यदेखि १० को मापनमा १० सबैभन्दा राम्रो हो भने म यो बैठकलाई १२ भन्ने छु,' राष्ट्रपति ट्रम्पले हाँस्दै भने । उनले आगामी अप्रिलमा चीन भ्रमण गर्ने र राष्ट्रपति सी पनि केही समयपछि अमेरिका आउने योजना रहेको बताए । साथै, एनभिडियाले चीनसँग उच्च प्रविधियुक्त कम्प्युटर चिप्स निर्यातबारे छलफल गर्न लागेको जानकारी पनि दिए ।

ट्रम्पले 'धेरै चाँडै' दुई देशबीच व्यापार सम्झौतामा हस्ताक्षर हुन सक्ने विश्वास व्यक्त गरे । 'हामीबीच अहिले ठूला अवरोधहरू बाँकी छैनन्,' उनले भने ।

तर, दुई मुलुकबीचको दीर्घकालीन प्रतिस्पर्धा भने कायम नै छ । विश्वका ठूला दुई अर्थतन्त्रले उत्पादन, कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता प्रविधि विकास र युक्रेनमा युद्धजस्ता अन्तर्राष्ट्रिय मुद्दाहरूमा प्रभाव कायम राख्ने प्रयास गरिरहेका छन् । दक्षिण कोरियाको बुसान सहरमा करिब १०० मिनेट लामो वार्तापछि दुवै नेताले तनाव घटाउने र सहकार्य गर्ने प्रतिज्ञा व्यक्त गरे । राष्ट्रपति सीले पनि मतभेदका बाबजुद सँगै काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै भने, 'हाम्रो फरक राष्ट्रिय पृष्ठभूमिका कारण कहिलेकाहीँ दृष्टिकोण फरक हुन सक्छ, तर सहकार्य अपरिहार्य छ ।'

बैठक अघि अमेरिकाले चीनमाथि थप १०० प्रतिशत आयात कर लगाउने चेतावनी दिएको थियो । तर, चिनियाँ पक्षले दुर्लभ पृथ्वी तत्त्वहरूको निर्यात नियन्त्रण शिथिल गर्ने र अमेरिकी कृषि उत्पादन खरिद बढाउने संकेत देखाएपछि वातावरण केही सहज बनेको थियो ।

उक्त वार्तालाई 'जी-२ बैठक' का रूपमा व्याख्या गर्दै राष्ट्रपति ट्रम्पले यसलाई अमेरिका र चीनको विश्व अर्थतन्त्रमा अग्रणी भूमिकाको प्रतीक भने । यो बैठक बुसानस्थित सैन्य परिसरमा सामान्य वातावरणमा सम्पन्न भएको थियो ।

सामान्यरूपमा बजारले सकारात्मक प्रतिक्रिया दिएको छ । अमेरिकी सेयर बजारमा पनि व्यापारिक आशा बढेको देखिएको छ । तर, विश्लेषकहरूले यो प्रगति अस्थायी हुन सक्ने चेतावनी दिएका छन् । फाउण्डेसन फर डिफेन्स अफ डेमोक्रेसिजका वरिष्ठ निर्देशक क्रेग सिंगलटनका अनुसार दुवै देशले अहिलेको सहकार्यलाई अस्थिरता नियन्त्रण गर्ने उपकरणका रूपमा प्रयोग गरिरहेका छन्, प्रतिस्पर्धा भने कायम नै छ ।

गत वर्षदेखि ट्रम्प प्रशासनले चीनमाथि चरणबद्धरूपमा नयाँ कर लगाउँदै आएको छ । यसको एक हिस्सा फेन्टानिलसम्बन्धी मुद्दासँग जोडिएको थियो । अक्टोबर १० मा चीनले दुर्लभ पृथ्वी निर्यातमा प्रतिबन्ध कडा पारेपछि ट्रम्पले १०० प्रतिशत आयात करको धम्की दिएका थिए । तर हालको सहमतिको परिणामस्वरूप यो दर ४७ प्रतिशतमा झरेको छ, जसलाई उनले 'तुरुन्तै प्रभावकारी' हुने बताए ।

विश्वको अधिकांश दुर्लभ पृथ्वी खनिज उत्पादन र प्रशोधनमा चीनको प्रभुत्व रहेको छ । पृथ्वी खनिज लडाकू विमान, विद्युतीय सवारी, रोबोट र उच्च प्रविधिका उपकरण निर्माणका लागि अत्यावश्यक मानिन्छ । अब राष्ट्रपति सी दक्षिण कोरियामा एपिइसी (एपेक) शिखर सम्मेलनका लागि केही दिन बस्ने छन् भने राष्ट्रपति ट्रम्प वासिङ्टन फर्कने छन् । पूर्वअमेरिकी अधिकारी जे ट्रुसडेलले भने, 'राष्ट्रपति सीले चीनलाई भरपर्दो साझेदारका रूपमा स्थापित गर्न र कर नीतिबाट असन्तुष्ट मुलुकहरूसँग सम्बन्ध सुदृढ गर्न यो अवसरको उपयोग गर्न चाहनुहुन्छ ।' *रासस/एपी*

## ट्रम्पसँग व्यापारिक सहमति भएको राष्ट्रपति सीको भनाइ

**बेइजिङ–** चीनका राष्ट्रपति सी चिनफिङले अमेरिकासँग आर्थिक तथा व्यापारिक विषयमा सहमति कायम भएको जानकारी दिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बिहीबार दक्षिण कोरियाको बुसानमा भएको भेटवार्तापछि चिनियाँ राज्य सञ्चारमाध्यम सिन्ह्वाले सो जानकारी दिएको हो । सन् २०१९ पछि पहिलोपटक भएको यो उच्चस्तरीय भेटमा विश्वका दुई ठूला अर्थतन्त्रबीच लामो समयदेखि चल्दै आएको व्यापारिक तनाव अन्त्य गर्न सम्भावित सहमतिको संकेत देखिएको छ ।

दुर्लभ खनिज पदार्थदेखि लिएर सोयाबिन र बन्दरगाह शुल्कसम्मका विषयमा चलेको व्यापारिक द्वन्द्वले विगत केही वर्षयता विश्वबजारमा ठूलो अस्थिरता ल्याएको र आपूर्ति शृंखलामा अवरोध उत्पन्न गरेको थियो ।

भेटवार्तामा राष्ट्रपति सीले दुई देशबीच 'क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सकारात्मक अन्तरक्रिया हुन आवश्यक' रहेको बताएका छन् । उनले दुवै पक्षका वार्ता टोलीहरूले 'महत्त्वपूर्ण आर्थिक र व्यापारिक मुद्दाहरूमा गहिरो विचार-विमर्श गरी तिनको समाधानका लागि सहमति प्राप्त गरेको' उल्लेख गरेको सिन्ह्वाको उद्धरणमा भनिएको छ ।

यद्यपि, प्राप्त सहमतिका विशिष्ट विवरणहरू सार्वजनिक गरिएको छैन । राष्ट्रपति सीले भने, 'दुवै पक्षका टोलीहरूले सकेसम्म चाँडो अनुगमन कार्यलाई परिस्कृत गरी अन्तिम रूप दिनुपर्छ । सहमतिलाई स्थायी र कार्यान्वयनयोग्य बनाउँदै चीन, संयुक्त राज्य अमेरिका तथा विश्व अर्थतन्त्रमा स्थिरता ल्याउने ठोस नतिजा प्रस्तुत गर्नुपर्छ ।'

राष्ट्रपति ट्रम्पसँगको यो भेटले अमेरिका-चीन व्यापार सम्बन्धमा नयाँ पाना पल्टाउने आशा गरिएको छ । यसको सकारात्मक प्रभाव विश्व अर्थतन्त्रमा पनि पर्ने विश्वास गरिएको छ । *रासस/एएफपी*


**साउदीमा रोजगार** — कम्पनी : SAIL AL RIYADHA SAUDI INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 328351 | चलानी नं. ६०२४२२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 5 | 0 | 1000 | ३७,६१० | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068
DECENT EMPLOYMENT PVT. LTD.
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np



**कतारमा रोजगार** — कम्पनी : EXODUS WINDOW FILM

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332817 | चलानी नं. ६०२४६५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 6 | 0 | 1000 | ३८,७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1400 | ५४,२३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075



**साउदीमा रोजगार** — कम्पनी : MAROUJ AL JAZEERA IRON WORKS FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 332859 | चलानी नं. ६०२४६५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 2 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९४/०६५/०६६



**कतारमा रोजगार** — कम्पनी : ORIANTO CONTRACTING AND SERVICE

पूर्व स्वीकृति मिति : २०८१/०२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 305964 | चलानी नं. ६०२२०७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Advsier | 1 | 0 | 3600 | १३९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५८,१०५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1000 | ३८,७३५ | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३८,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २१ गते (7th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/१२/२९ मा दर्ता भएको **प्रा. लि. नं. ९२३६७** को **सफ्टवेयर डेभलपमेन्ट हाउस नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/१४ गते**

यस कम्पनीको मिति २०८२/०५/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल सिम्बायोसिस** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल सम्पूर्ण इन (प्रा.लि.नं. ९२७३३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७८/११/१६ मा दर्ता भएको प्रा.लि.नं. २८५३६६ को **बायोमेडिकल रिसर्च एण्ड सर्भिस सपोर्ट सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नः ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/०७/१४**

यस बैंकका निक्षेपकर्ता श्री नक्कल थारुको छोरी श्री नोनु थारुको श्रीमती गंगावती थारु कपिलबस्तु जिल्ला, बुद्धभुमी नगरपालिका वडा नं. २ घर भई हाल कपिलबस्तु जिल्ला, बुद्धभुमी नगरपालिका वडा नं. २ बस्ने वर्ष ५१ को श्रीमती गंगावती थारु (ना.प्र.नं. ३८.०१.०६७.१००६१, जारी मिति २०६७/११/२३, जारी जिल्ला कपिलबस्तु) को मिति २०८२/०५/१५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री सुनिल थारुले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा श्री सुनिल थारुको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Hanspur Municipality**
**Office of the Municipal Executive**
**Baghachauda, Dhanusha, Madhesh Pradesh, Nepal**

**Invitation for Electronic Bids**

**First Date Of Publication :- 14th Kartik, 2082 (31/10/2025)**

1. Hanspur Municipality, Office of The Municipal Executive Baghachauda, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following Goods under National Competitive Bidding(NCB), name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract identification No. | Description of work | Estimated amount including all taxes and contingencies | Bid document fees NRs. | Bid security amount | Bid submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | HAN/MUN/DHA/NCB/OODS/01/2082-083 | स्ट्रीट लाइट खरिद गरि जडान (नगर स्तरीय र वडा स्तरीय) Installation of 100 watt AC Street Light. | 59,99,771.00 | 3000/- | 177,000.00 | 15th Mangsir, 2082 (12:00 hour) | 15th Mangsir, 2082 (13:00 hours) |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp . Any amendment in notice or bid document will be posted in notice of this office or PPMO's website.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३६३०० | प्रति तोला – ० | प्रति तोला – २९८० |



**कौशीमा ड्रागन फ्रुट** | नुवाकोटको विदुर नगरपालिका–४ स्थित एक घरको कौसीमा लगाएको ड्रागन फ्रुट । कम लगानीमा मनग्य आम्दानी गर्न सकिने र राम्रो मूल्यमा बजारमा सहजै बिक्री हुने हुँदा पछिल्लो समय यस खेतीप्रति गाउँदेखि सहरसम्म आकर्षण बढ्दै गएको छ । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# बिपी राजमार्गका लागि जापानको दुई अर्ब ६० करोड अनुदान

■ प्रभाव संवाददाता



**काठमाडौं–** जापान सरकारले बिपी राजमार्ग पुनर्निर्माण र मर्मतका लागि रु दुई अर्ब ६० करोड अनुदान सहयोग प्रदान गरेको छ ।

अर्थ मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा नेपाल सरकार र जापान सरकारबीच अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ । अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र गृहमन्त्री ओमप्रकाश अर्यालको उपस्थितिमा मन्त्रालयका सचिव घनश्याम उपाध्याय र नेपालका लागि जापानका राजदूत तोरु मायदाले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

महोत्तरीको बर्दिवासदेखि काभ्रेको धुलिखेलसम्म १५९ किलोमिटर लम्बाइको बिपी राजमार्ग राजधानी काठमाडौंबाट पूर्वी तराई जोड्ने नेपालको एक महत्वपूर्ण राष्ट्रिय राजमार्ग हो । उक्त राजमार्ग जापान सरकारकै अनुदान सहयोगमा निर्माण गरिएको थियो ।

गत वर्षको बाढीपहिरोका कारण सो राजमार्गका विभिन्न खण्डमा गम्भीर क्षति पुगेको थियो । विशेषगरी रोशी नदी आसपासका केही भागमा पूर्ण रूपमा क्षति भएको थियो । क्षतिग्रस्त खण्डको पुनर्निर्माण र मर्मतसम्भारका लागि जापान सरकारबाट सहयोग प्राप्त भएको मन्त्रालयको भनाइ छ ।

सोही समारोहमा अनुदान सम्झौतामा नेपालका तर्फबाट अर्थ मन्त्रालयका वैदेशिक सहायता समन्वय महाशाखाका सहसचिव धनिराम शर्मा र जापानका तर्फबाट जापान अन्तरराष्ट्रिय सहयोग एजेन्सी (जाइका) नेपालका प्रमुख प्रतिनिधि मित्सुजाकी मिजुकीबीच हस्ताक्षर भयो ।

समारोहमा अर्थमन्त्री खनालले जापान नेपालका लागि एक विश्वसनीय र भरपर्दो विकास साझेदार रहेको उल्लेख गर्दै जापानले नेपालको आर्थिक-सामाजिक विकास र पूर्वाधार निर्माणका क्षेत्रमा निरन्तर पुर्‍याउँदै आएको सहयोगप्रति आभार व्यक्त गरे । उनले हाल प्रदान गरिएको अनुदान सहायता नेपाल र जापनबीचको मित्रता र सहकार्यको अर्को महत्वपूर्ण प्रतीक भएको बताए ।

जापानी राजदूत तोरुले जापानले प्रदान गरेको अनुदान सहयोगले बिपी राजमार्गका क्षतिग्रस्त भागहरू पुनःस्थापना गर्न सहयोग पुग्नेमा विश्वास व्यक्त गरे । नेपाल र जापानबीच रहेको दशकौं पुरानो मित्रतापूर्ण सम्बन्ध स्मरण गरे । जाइकाका प्रमुख प्रतिनिधि मित्सुजाकीले नेपाल-जापान सम्बन्ध र सहयोगका विविध क्षेत्रबारे धारणा राखेका थिए । हस्ताक्षर समारोहमा अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंस्थित जापानी दूतावास र जाइकाका वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो ।

# वीरगञ्ज नाकाबाट तीन महिनामा ३८ अर्बको पेट्रोलियम पदार्थ आयात

■ प्रभाव संवाददाता



**वीरगञ्ज (पर्सा)–** चालु आर्थिक वर्षको तीन महिनामा वीरगञ्ज नाका भएर रु ३८ अर्ब नौ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट रु १६ अर्ब १२ करोड राजस्व संकलन भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलियम पदार्थको आयातमा रु एक अर्ब छ करोड रकमले कमी आएको आएको छ ।

जबकी गत आवको तीन महिनाको अवधिमा भने रु ३९ अर्ब १५ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात हुँदा १६ अर्ब सात करोड राजस्व संकलन भएको छ । भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा पेट्रोलियम पदार्थको आयातमा केही कमी आएको बताए । वीरगञ्ज भन्सार कार्यालयका चालु आवको असोज मसान्तसम्म रु १५ अर्ब ७२ करोड मूल्य पर्ने एक लाख ७४ हजार ९२४ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट रु छ अर्ब ९६ करोड राजस्व संकलन भएको छ ।

चालु आवको तीन महिनामा रु १० अर्ब ७२ करोड मूल्य पर्ने एक लाख २५ हजार ३८० किलोलिटर पेट्रोल आयात भएको छ । सो पेट्रोल आयात हुँदा रु सात अर्ब नौ करोड राजस्व संकलन भएको छ । चालु आवको तीन महिनाको अवधिमा रु सात अर्ब ४९ करोड मूल्य पर्ने सात करोड ३९ लाख ७७ हजार दुई सय ७१ किलोग्राम एलपि ग्यास आयात भएको छ ।

# किसानलाई उत्पादनमा आधारित अनुदान

**गोरखा (प्रस)–** जिल्लाको गण्डकी गाउँपालिकाले कृषि अनुदानको उचित व्यवस्थापन गर्न 'उत्पादनमा आधारित अनुदान' कार्यक्रम सञ्चालन गर्दै आएको छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ बाट उक्त कार्यक्रम लागू गरेको थियो । कार्यक्रमलाई थप व्यवस्थित बनाउन पालिकाले हाल उत्पादनमा आधारित अनुदान व्यवस्थापन सफ्टवेयर सञ्चालनमा ल्याएको छ ।

सफ्टवेयरमार्फत कृषकले दैनिक रूपमा बिक्रीवितरण गर्ने कृषि सामग्रीको परिमाण अद्यावधिक गरिने पालिकाको प्रमुख प्रशासकीय अधिकृत भुवन चापागाईंले बताए । उनका अनुसार कृषि सफ्टवेयरबाट दैनिक रूपमा कुन किसानले कति परिमाणको कृषि सामग्री बिक्रीवितरण गर्‍यो भन्ने तथ्यांक राख्न सकिन्छ । सोही तथ्यांकका आधारमा अनुदान वितरण गर्न उत्पादनमा आधारित अनुदान व्यवस्थापन सफ्टवेयर सञ्चालनमा ल्याएको उनले जानकारी दिए ।

यसअघि सञ्चालनमा आएका कृषि अनुदान कार्यक्रम लक्षित वर्गसम्म नपुगेका र ती कार्यक्रमको उचित व्यवस्थापन नहुँदा अनुदानको दुरूपयोग भएकाले उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम सञ्चालन गरेको गण्डकी गाउँपालिकाले जनाएको छ ।

# धान थन्क्याउन नपाउँदा किसान चिन्तित

■ गोपालप्रसाद बराल

**महोत्तरी–** भर्खरै दीपावली र छठसहितका मुख्य पर्व सकेका यहाँका किसान अहिले मुख्यबाली धान थन्क्याउन नपाएर चिन्तित भएका छन् । चाडपर्व सकेर धान काट्ने, चुट्ने र थन्क्याउने मेसोमा लागेका किसानलाई बुधबार मध्यरातपछि लगातार परेको पानीले चिन्तित बनाएको हो ।

महोत्तरीसहितका मधेशका जिल्लामा मंगलबार बिहानदेखि मौसम धुम्मिएर बुधबार बिहान सिमसिम पानी परेको थियो । बुधबार दिउँसो घाम लागे पनि मध्यरात कटेपछि झमझम पानी परिरहेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएर किसानको चिन्ता बढेको हो । खासगरी महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भंगाहा नगरपालिका क्षेत्रका किसान अहिले पाकेको बाली थन्क्याउन नपाउँदा चिन्तामा परेका छन् ।

'धान खेतमा पाकेर पहेँलपुर छ, चाडवाड सकेर काटौँला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो', भंगाहा-५ कर्पुरगञ्जका ६० वर्षीय किसान रामजुलुम बाँतर भन्छन्, 'पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुनेभयो ।' हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउनुपर्नेमा यो पानीले काम बिगारेको बाँतर बताउँछन् ।

> 'धान खेतमा पाकेर पहेँलपुर छ, चाडवाड सकेर काटौँला, थन्क्याउँला भनियो, पानी पो पर्न थाल्यो', भंगाहा-५ कर्पुरगञ्जका किसानहरू भन्छन्, 'पानी पर्दापर्दै काट्न पनि भएन, धान झरेर नोक्सान हुनेभयो ।'

महोत्तरीसहितका मधेशका उत्तरी क्षेत्रमा चाँडै पाक्ने (कात्तिक पहिलो साताभित्र) धान लगाइन्छ । उत्तरी क्षेत्रको माटो बलौटे हुँदा चाँडै रुखिने हुन्छ । यसैले गहुँ, दलहन, तेलहन, तरकारी र उखुबाली चाँडै लगाइने यस भेगमा चाँडो पाक्ने धान लगाइने गरिन्छ । यसपालि बर्खाकालमा लामो समय सुक्खा पर्दा धान रोपाइँ ढिलो भएर यस भेगमा पाक्ने समय कात्तिक दोस्रो साता पुगेको हो ।

महोत्तरीका बर्दिबास, गौशाला र भंगाहा नगरपालिका क्षेत्रमा अहिले धान पाकेर पहेँलपुर छ । अधिकांश किसान धान काट्ने मेसोमै लागेका बेला अहिले पानी परेपछि यो काम बिथोलिएको हो । उत्तरी क्षेत्रमा धान पाकेर पहेँलपुर भए पनि मध्य र दक्षिणी क्षेत्रमा भने मङ्सिरमा पाक्ने धान बढी रोपिँदा परेको पानीले त्यति बिगारी नहालेको सो भेगका किसान बताउँछन् ।

'अहिले पानी त चाहिएको थिएन, तर हाम्रोतिर धान पाक्न अझै दुई साता लाग्छ, त्यसैले अहिले परेको पानीले धेरै बिगार नगर्ला', रामगोपालपुर-२ महानपुरका किसान कादिर हुसैन भन्छन्, 'चोटिलो पानी पर्‍योभने बोटबाटै धान झर्ने डर छ ।' जिल्लाको उत्तरी क्षेत्रका गौशाला, भंगाहा र बर्दिबास नगरपालिकाका बस्तीमा भने अहिले धान काट्ने, निहिन सुकाउने, चुट्ने र थन्क्याउने चटारोकैबीच पानी परेको छ । अहिलेको पानी पनि मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमै बढी परेको छ । अब धान काट्ने काम दुई/चार दिनपछि धकेलिएको किसान बताउँछन् । हिउँदे धान काटेर दुई/तीन दिन निहिनमा सुकाउनुपर्ने हुँदा मौसम सफा हुन पर्खनैपर्ने बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतो बताउँछन् । अब धान काट्न हुने ढिलोले गहुँ छर्ने, आलु रोप्ने र दलहन बाली लगाउने कामलाई पनि पछि धकेल्ने चिन्ताले किसान पिरोलिएका छन् । यसैगरी धान काटेर उखु रोप्ने मन बनाएका किसान पनि छटपटिएका छन् ।

अहिलेको पानीले हिउँदे तरकारी रोप्ने, गोडमेल गर्ने र फलेका तरकारी पालोमा टिपेर बजार पुर्‍याउन पनि नदिने किसानको चिन्ता छ । 'पानी पर्दैछ, पालोमा टिपेर बजार पुर्‍याउन पर्ने भण्टा, रामतोरिया, घिरौंला, लौका र झिमनी एक दिनमै छिप्पिन्छन्, अनि ढुसी लाग्ने र कीराको आक्रमण पनि बढ्छ', तरकारीखेतीका किसान बर्दिबास-९ पशुपतिनगरका रामविनोद महतो भन्छन्, 'यो पानी तुक (समय) को भएन ।' खेतीपाती प्रतिकूलताकाबीच गर्नुपरेको आम किसानको गुनासो छ । कहिले खडेरी, कहिले बेमौसमको वर्षा यी सबै अप्ठ्याराबीच खेतीपाती चलाउनुपरेको किसान बताउँछन् ।

यसैबीच मधेश प्रदेश सरकारले अहिले बंगालको खाडीको मोन्था चक्रवातको प्रभाव मधेशका सबै जिल्लामा पर्ने भनेर सचेत गराउँदै धान काट्ने काम तत्काल नगर्न किसानलाई सचेत गराएको छ । *रासस*

**जुवातासले गर्छ सर्वनाश**

**जुवातासको लतले,**

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुनसक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरु कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ,

**जुवातास खेल्नु/खेलाउनु कानून विपरित भएकोले नखेलौं/नखेलाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ